# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## रामगोपालपुर नगरपालिका
## महोत्तरी

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## रामगोपालपुर नगरपालिका
## महोत्तरी

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## रामगोपालपुर नगरपालिका

## महोत्तरी

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

२०८१ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
मधेश प्रदेश

मितिः२०८१।०२।११

प.सं. २०८०।८१

च.नं. ७०

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री प्रमुख ज्यू ,

रामगोपालपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,

रामगोपालपुर, महोत्तरी ।

१. कैफियत सहितको राय — हामीले रामगोपालपुर नगरपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू. ८ करोड २० लाख २२ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु १ करोड ३४ लाख २८ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू ५७ लाख ३३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.५ करोड १८ लाख ५४ हजार, नियमित गर्नुपर्ने रु. १ करोड ६४ लाख १७ हजार र पेश्की बाँकी रु. ६८ लाख १६ हजार समेत गरी यो वर्ष रु. ८ करोड ८ लाख २१ हजार बेरुजु कायम रहेको छ । रामगोपालपुर नगरपालिकाको गतवर्ष सम्म रु. ३६

करोड ८१ लाख १७ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. ४४ करोड ८९ लाख ३८ हजार रहेको छ । रामगोपालपुर नगरपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. अन्य व्यहोरा - ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी - नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी रामगोपालपुर नगरपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका प्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी - वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

**(श्यामप्रसाद भण्डारी)**

**नायब महालेखापरीक्षक**

रामगोपालपुर नगरपालिका,

महोत्तरी जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ६२ | १९२ | ८२०२२ | ० | १० | १३४२८ | ६२ | १८२ | ८०८२१ | ५७३३ | १६४१७ | ५१८५४ | ० | ० | ६८२७१ | ६८१६ |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| महोत्तरी | ३६८११७ | ० | ० | ३६८११७ | ० | ८०८२१ | ४४८९३८ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७९।८० (चालु वर्षको) | ४७ | प्रमाण आधारमा सम्परीक्षण गरी थप बेरुजु कायम | ५०७६६७२ |
| २ | " " | ४८ | प्रमाण आधारमा सम्परीक्षण गरी थप बेरुजु कायम | ३०९२३४२ |
| ३ | " " | ४९ | उपभोक्ता योगदान सम्वन्धी कागजात पेश | ३७७५८० |
| ४ | " " | ५० | प्रमाण आधारमा सम्परीक्षण गरी थप बेरुजु कायम | १२९३०३१ |
| ५ | " " | ५२ | प्रमाण आधारमा सम्परीक्षण गरी थप बेरुजु कायम | १८३१९७८ |
| ६ | " " | ५३ | प्रमाण आधारमा सम्परीक्षण गरी थप बेरुजु कायम | ९३३८४० |
| ७ | " " | ७२ | प्रमाण पेश भएको | ८२३३१८ |
| | चालु वर्षको जम्मा | | | १३४२८७६१ |
| | कुल जम्मा | | | १३४२८७६१ |

# परिचय

१ **कार्यालयको परिचय -** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ९ वडा रहेको छ भने क्षेत्रफल ३९.५४ वर्ग किलोमिटर तथा ३०४१२ जनसंख्या रहेको छ।

२ **लेखापरीक्षणको उद्देश्य -** स्थानीय तहको वित्तीय विवरण तथा कारोबारको नियमितता तथा औचित्यको आधारमा परीक्षण गरी वित्तीय प्रतिवेदन उपर उचित आश्वस्तता प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य रहेको छ। वित्तीय लेखापरीक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण लेखापरीक्षण नीति मानदण्ड व्यवस्थापन प्रतिनिधित्व लेखापरीक्षण मार्गदर्शन, व्यवसायिक लेखापरीक्षणका असल अभ्यासको आधारमा तयार गरिएको स्वीकृत लेखापरीक्षण योजना कार्यक्रम र लेखापरीक्षणको विधि अनुसार लेखापरीक्षणसम्पत्र गरिएको छ ।

३ **संवैधानिक तथा कानूनी व्यवस्था -** नेपालको संविधानको धारा २१४ बमोजिम स्थानीय तहको कार्यकारिणी अधिकार संविधान र संघीय कानूनको अधिनमा रही नगरपालिकामा निहित हुने र धारा २२९ मा व्यवस्थापकीय अधिकार नगरसभामा रहने व्यवस्था छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा पालिकाको हुने उल्लेख छ। सोही अधिकार बमोजिम नगरपालिकाले कार्य गर्दै आएको छ ।

४ **आर्थिक कारोवारको स्थिती -** आर्थिक कारोवारको स्थिती स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय संचित कोष व्यवस्थापन प्रणाली **(SuTRA)** बाट तयार भएको आर्थिक वर्ष २०७९।८० को वित्तीय प्रतिवेदन देहाय बमोजिम रहेको छ ।

| प्राप्ती भुक्तानी हिसाव | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **प्राप्ती (क+ख)** | | ५०,९३,३५,०३१.५७ | ४६,१३,९१,१२१.७७ | | ४६,१३,९१,१२१.७७ | ४१,२३,७४,१९०.६१ | | ४१,२३,७४,१९०.६१ |
| **क. प्राप्ति (संचित कोषमा आम्दानी बाँधिने)** | | ५०,२७,३९,५६६.५७ | ४४,८४,९२,७१५.७७ | ०.०० | ४४,८४,९२,७१५.७७ | ४१,२२,१९,१९०.६१ | ०.०० | ४१,२२,१९,१९०.६१ |
| ११०० ० कर | ११ | १३,३६,२०,२३५.०१ | ११,१६,२९,३९७.६० | ०.०० | ११,१६,२९,३९७.६० | १०,१७,३५,४८३.७२ | ०.०० | १०,१७,३५,४८३.७२ |
| १३००० अनुदान | | ३४,६१,३१,०००.०० | ३२,८१,२६,६००.०० | ०.०० | ३२,८१,२६,६००.०० | ३१,०४,८३,७०६.८९ | ०.०० | ३१,०४,८३,७०६.८९ |
| संघीय सरकार | १२ | ३०,५७,६९,०००.०० | २८,७७,६४,६००.०० | ०.०० | २८,७७,६४,६००.०० | २८,८५,४८,२०६.८९ | ०.०० | २८,८५,४८,२०६.८९ |
| प्रदेश सरकार | १२ | ४,०३,६२,०००.०० | ४,०३,६२,०००.०० | ०.०० | ४,०३,६२,०००.०० | २,१९,३५,५००.०० | ०.०० | २,१९,३५,५००.०० |
| १४००० अन्य राजस्व | | ९२,२२,२५५.०० | ८७,३६,७१८.१७ | ०.०० | ८७,३६,७१८.१७ | ०.०० | ०.०० | ०.०० |
| ३२००० वित्तीय सम्पत्ति | | १,३७,६६,०७६.५६ | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ख. अन्य प्राप्ति | | ६५,९५,४६५.०० | १,२८,९८,४०६.०० | | १,२८,९८,४०६.०० | १,५५,०००.०० | | १,५५,०००.०० |
| वितरण गर्न बाकी राजस्व | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| कोषहरु | | ६५,९५,४६५.०० | ६५,९५,४६५.०० | ०.०० | ६५,९५,४६५.०० | ०.०० | ०.०० | ०.०० |
| धरौटी | | ०.०० | ६३,०२,९४१.०० | ०.०० | ६३,०२,९४१.०० | १,५५,०००.०० | ०.०० | १,५५,०००.०० |
| संघीय, प्रदेश सरकार | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| वा अन्य कार्यक्रम | | | | | | | | |
| भुक्तानी (ग+घ) | | ५०,९३,३५,०३१.५७ | ४४,३९,६९,७७१.८७ | | ४४,३९,६९,७७१.८७ | ५०,६४,५३,६३४.५४ | | ५०,६४,५३,६३४.५४ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ५०,२७,३९,५६६.५७ | ४३,२१,६६,११५.८७ | | ४३,२१,६६,११५.८७ | ५०,४०,७०,१५०.५४ | | ५०,४०,७०,१५०.५४ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | १२,३०,९३,६०६.०० | १०,५८,८३,१९२.७३ | ०.०० | १०,५८,८३,१९२.७३ | ९,९७,५४,३८२.७१ | ०.०० | ९,९७,५४,३८२.७१ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १६,२७,१६,३५८.०१ | १३,७१,८८,८५४.७५ | ०.०० | १३,७१,८८,८५४.७५ | १७,११,५४,८३६.०० | ०.०० | १७,११,५४,८३६.०० |
| २६००० अनुदान | १८ | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| २७००० सामाजिक सुरक्षा | १८ | ७७,६०,०००.०० | ७२,२२,२३२.०० | ०.०० | ७२,२२,२३२.०० | १,२२,२३,८०१.०० | ०.०० | १,२२,२३,८०१.०० |
| २८००० अन्य खर्च | १८ | ६०,००,०००.०० | ४९,६२,५८०.०० | ०.०० | ४९,६२,५८०.०० | ४५,४५,८१९.०० | ०.०० | ४५,४५,८१९.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | २०,३१,६९,६०२.५६ | १७,६९,०९,२५६.३९ | ०.०० | १७,६९,०९,२५६.३९ | २१,६३,९१,३११.८३ | ०.०० | २१,६३,९१,३११.८३ |
| घ. अन्य भूक्तानी | | ६५,९५,४६५.०० | १,१८,०३,६५६.०० | | १,१८,०३,६५६.०० | ५०,६४,५३,६३४.५४ | | ५०,६४,५३,६३४.५४ |
| कोषहरु | | ६५,९५,४६५.०० | ६५,९५,४६५.०० | ०.०० | ६५,९५,४६५.०० | ०.०० | ०.०० | ०.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| धरौटी | | ०.०० | ५२,०८,१९१.०० | ०.०० | ५२,०८,१९१.०० | २३,८३,४८४.०० | ०.०० | २३,८३,४८४.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ङ. यो वर्षको बचत (न्युन) | | | १,७४,२१,३४९.९० | | १,७४,२१,३४९.९० | (९,४०,७९,४४३.९३) | | (९,४०,७९,४४३.९३) |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ४,१६,९४,५५८.३० | | ४,१६,९४,५५८.३० | १३,५७,७४,००२.२३ | | १३,५७,७४,००२.२३ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | | ५,९१,१५,९०८.२० | | ५,९१,१५,९०८.२० | ४,१६,९४,५५८.३० | | ४,१६,९४,५५८.३० |
| बैंक तथा नगद बाकी | २४ | | ५,९०,०१,८११.१२ | | ५,९०,०१,८११.१२ | ३,९९,५२,६९२.८० | | ३,९९,५२,६९२.८० |

६ **लेखापरीक्षण -** यस पालिकाको आर्थिक वर्ष २०७९।०८० को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०८०, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निक्यौंल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको

मस्यौदाउपर व्यवस्थापनसँग छलफल सम्पन्न गरिएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्ः

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

## ६ आन्तरिक नियन्त्रण प्रणाली

६.१ **आन्तरिक लेखापरीक्षण -** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६.२ **आन्तरिक लेखापरीक्षण शाखा -** प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तिरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ। तसर्थ यस नगरपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६.३ **बेरुजु लगत फारम -** बेरुजु लगतका लागि मलेप फारामको व्यवस्था गरिएको छ। म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका देहायका म.ले.प. फाराम मध्ये कार्यालयसङ्ग सम्बन्धित म. ले. प. फाराम ८०१ बेरुजु लगत, म.ले.प. फाराम ८०२ बेरुजुको कार्यालयगत प्रतिवेदन, म. ले. प. फाराम ८०३ बेरुजुको केन्द्रिय कार्यालयगत लगत, म. ले. प. फाराम ८०४ बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन, म. ले, प. फाराम ८०५ सम्परीक्षण गोश्वारा अभिलेख फाराम राखेका पाइएन । यसमा सुधार हुनु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६.४ **सहकारी नियमन -** सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। लेखापरीक्षणको क्रममा पालिकासँग आफ्नो क्षेत्राधिकारभित्र रहेका सहकारी संस्थाहरुको विवरण माग गर्दा पालिकाले उपलब्ध गराएन भने पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

६.५ **आन्तरिक नियन्त्रण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाइएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरू तपशिल बमोजिम रहेका छन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन ।

• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसूची १४ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गर्नुपर्नेमा पालिकाले साउन ३ मात्र ट्रान्सफर गरेको छ ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाइएन।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन ।

• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखी रहेको पाइयो ।

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाइयो ।

• वडा कार्यालयमा रहेका जिन्सी सामान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाइएन ।

• साना तथा ठूला सबै निर्माण कार्यको नापी किताब कम्प्यूटरबाट तयार गरिएको लुजशिटमा भरी भुक्तानीको लेखासाथ राख्ने गरेको छ । कतिपय निर्माण कार्यलाई थप निरन्तरता दिन वा अन्य कारणले पछि पनि पुनरावलोकन गर्न पर्ने भएकोले आवश्यक परेको समयमा उपलब्ध हुन सक्ने गरी संस्थागत स्मृतिको लागि डिजिटलाईज गरी वा अन्य तवरले सुरक्षित राख्न आवश्यक देखिन्छ ।

• कतिपय सड्क तथा कुलो/नहर निर्माण तथा मर्मतमा सो स्थानको चेनेज नं. उल्लेख गर्ने नगरेबाट एकै कार्यको लागि दोहोरो भुक्तानी हुन सक्ने र निर्माणस्थलको अनुगमन निरीक्षणमा द्विविधा हुने भएकोले जुनसुकै समयमा पनि निर्माणस्थलको पहिचान हुने गरी चेनेज लगायतका संकेतहरूलाई अनिवार्य गर्नुपर्दछ ।

• जुनसुकै निर्माणकार्य, मालसामान, परामर्श सेवा वा अन्य सेवा खरिदको लागि लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले निर्माण तथा सेवा सम्बन्धी कार्यको लागत अनुमान तयार गरेको भए तापनि लागत अनुमान वेगर फर्निचर, कार्यालय सामान, कम्प्यूटर आदि खरिद गरेको देखिन्छ ।

• मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ (क) अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टिडिएस नगरेको।

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरू पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद बील भर्पाइहरुमा सिलसिलेवार नम्बर राखी कार्यालय |प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्यूनतम दररेट तोक्नु पर्नेमा तोकेको पाइएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली बनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाइएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाइएन ।

• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

• सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन |लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाइएन ।

• वातावरण संरक्षणको एकीकृत दीर्घकालिन योजना तयार नगरेको ।

• सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम १४ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरूको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाइएन ।

• निजामती सेवा ऐन, २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाइएन ।

• पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फयौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले यकीन गरी अध्यावधिक गरेको छैन ।

• पालिकाले चल अचल सम्पति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था अनुसार पालिकाले सम्पतिको अभिलेख तथा जिन्सी लगत तयार गर्नु पर्ने भनी गत विगतको प्रतिवेदनमा उल्लेख भए पनि सो व्यवस्थाको कार्यान्वयन भएको पाइएन ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

७ **फरक हिसाब -** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु. २२६९२३६९.३, यस वर्षको प्राप्ति रु.(१२९५५६२२८.२३) यस वर्षको भुक्तानी रु. (१२९५५६२२८.२३) र बैङ्क मौज्दात रु. २२५७८२७२.१२ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| **विवरण** | **गतवर्षको जिम्मेवारी** | **यसवर्षको प्राप्ति** | **यसवर्षको भुक्तानी** | **बैङ्क मौज्दात** |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | ४१६९४५५८.३० | ४६१३९११२१.७७ | ४४३९६९७७१.८७ | ५९००१८११.१२ |
| एकिकृत आर्थिक विवरणअनुसार | १९००२१८९ | ५९०९४७३५० | ५७३५२६००० | ३६४२३५३९ |
| **फरक** | **२२६९२३६९.३** | **(१२९५५६२२८.२३)** | **(१२९५५६२२८.२३)** | **२२५७८२७२.१२** |

सैद्धान्तिक बेरुजु

८ **फरक जिम्मेवारी -** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ। पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.१९००२१८९ मौज्दात रहेकोमा यो वर्ष रु.१९००२१८९ जिम्मेवारी सारेको छ । यसरी पालिकाले गत आ.व को लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएबमोजिम बराबरकै अन्तिम बैंक मौज्दातको रकमलाई यस आ.व मा शुरु मौज्दातमा जिम्मेवारी सारेको पाईयो ।

सैद्धान्तिक बेरुजु

९ **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७९।०३।०८ मा रु.५०२७३९५६७ को बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।०३।२८ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।०३।२९ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । यसरी समयमानै बजेट पेश,स्वीकृत र अख्तियारी प्रत्यायोजन गरी बजेट कार्यान्वयनमा प्रभावकारी ल्याउनुपर्दछ।

सैद्धान्तिक बेरुजु

१० **बजेट सीमा निर्धारण समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

११ **बजेट तथा कार्यक्रम तर्जुमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

१२ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ।

सैद्धान्तिक बेरुजु

१३ **खर्च बिश्लेषण -** पालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रु.३८१९९०९६ तथा राजस्व बाँडफाँड र अनुदानबाट रु.४१०२९३६२० समेत रु.४४८४९२७१६ आम्दानी भएकोमा चालु तर्फ रु.२५५२५६८५९ र पूँजिगत तर्फ रु.१७६९०९२५७ समेत रु.४३२१६६११६ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ८.८४ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु.८९२६५३३ खर्च भएको छ जुन आन्तरिक आयको २३.३७ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५६.९१ प्रतिशत चालु र ३९.४४ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

१४ **स्थानीय सञ्चितकोषमा स्थानान्तर -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष समाप्त पश्चात साउन ३ गते सञ्चितकोष खातामा रकम ट्रान्सफर गरेको छ र राजस्व बाँडफाँडबाट प्राप्त रकम असार महिनाको २९ गते मात्र

सूत्रमा आम्दानी बाँधेको जानकारी प्राप्त भएकोले पालकाले आर्थिक मसान्तभित्र नै आम्दानी बाँधी आर्थिक मसान्तको अन्त्यमा रकम सञ्चितकोषमा ट्रान्सफर गरी खाता शुन्य बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१५ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षाको रु.१२ करोड ९३ लाख ५१ हजार २२८, गरिव सँग विशेश्वर कार्यक्रम रु.२ लाख ५ हजार समेत गरी रू.१२ करोड ९५ लाख ५६ हजार २२८ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१६ **योजनाको प्राथमिकीकरण -** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नाअनुसारका कुल २३९ योजनामा वजेट विनियोजन गरेको छ।

| विवरण | रु १ लाख सम्म | रु १ लाख देखि २ लाखसम्म | रु २ लाखदेखि ५ लाखसम्मका | रु ५लाख देखि १० लाखसम्मका | रु १० लाखभन्दा बढीको | जम्मा |
|---|---|---|---|---|---|---|
| योजना संख्या | ३९ | ३५ | ९१ | ४७ | २७ | २३९ |
| जम्मा रकम | ३६५८८०२१ | ४८६४८९६ | ४५४४०५६९ | ४५४४०५६९ | ८५३६०९४० | २१७६९४९९५ |

उपर्युक्त विवरणअनुसार नगरपालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । पालिकाले यस वर्ष जम्मा २३९ वटा योजना संचालन गरेकोमा रु.५ लाख भन्दा मुनिका १६५ वटा योजना छन् जुन कुल योजना संख्याको ६९ प्रतिशत हुन आउँछ ।जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने हुँदा पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१७ **बैङ्क हिसाब विवरण -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ। पालिकाले उपलब्ध गराएको (सुत्रको म.ले.प.फा.२७२ को अनुसूची-२४ अनुसार) बैङ्क हिसाब मिलान विवरणको स्थिती अनुसार पालिकाको श्रेस्ता भन्दा बैकमा रु.२२६९२३६९.१९ घटी मौज्दात देखिएकोले हिसाब मिलान गरी फरफारक गर्नुपर्ने रु.

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|---|
| 1. | ग १.१, आन्तरिक राजस्व खाता | ०.०० | ०.०० | ०.०० |
| 2. | ग १.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ०.०० | ०.०० | ०.०० |
| 3. | ग १.३, आन्तरिक अनुदान खाता | ०.०० | ०.०० | ०.०० |
| 4. | ग २.२, चालू खर्च खाता- जोर वर्ष | (१,१४,०९७.०८) | (१,१४,०९७.०८) | ०.०० |
| 5. | ग २.४, पुंजीगत खर्च खाता- जोर वर्ष | ०.०० | ०.०० | ०.०० |
| 6. | ग २.७, विविध खर्च खाता | ०.०० | ०.०० | ०.०० |

| | | | | |
|---|---|---|---|---|
| 7. | ग ३.१, स्धानीय तह धरौटी खाता | ६३,३०,८६२.५५ | ६३,३०,८६२.५५ | ०.०० |
| 8. | ग ४.१, स्थानीय तह सञ्चित कोष खाता | ३,००,९२,६७६.४६ | ३,००,९२,६७६.४६ | ०.०० |
| 9. | बैकं कारोबारमा भिन्नता( राजस्व खाता र सञ्चित कोष खाता) | २२६९२३६९.१९ | ०.०० | २२६९२३६९.१९ |
| जम्मा | | ५९००१८११.१२ | ३,६३,०९,४४१.९३ | २२६९२३६९.१९ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,२६,९२,३६९.१९ |

१८ **ससर्त अनुदान फिर्ता -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकममध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । सुत्रबाट तयार भएको पालिकाको यस वर्षको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) को अनुसूची २१ मा फिर्ता गर्न बाँकी संघीय सशर्त अनुदान चालु रु.१ करोड ८९ लाख ५८ हजार १२९ र सशर्त अनुदान पुजिगत रु.१६ लाख १६ हजार ७५६ तथा प्रदेश तर्फ सशर्त अनुदान चालु रु.१३५ गरी जम्मा रु.२ करोड ५ लाख ७५ हजार २० फिर्ता गर्न बाकी रहेकोमा उक्त रकम पालिकाले सोही आ.व मा फिर्ता नगरेको कारण आ.व २०८०।०८१ को संघिय वित्तिय समानीकरण अनुदान निकासाबाट कोष तथा लेखा नियन्त्रक कार्यालयले मिति २०८०।०६।०२ मा गो.भौ.नं ३ बाट कट्टि गरी अनुदान फिर्ता गरेको पाईयो।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

१९ **कर दायित्व -** पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु.३५१९९११ देखाएकोमा पालिकाले करकट्टि रकम सम्बन्धित खातामा दाखिला गरी भुक्तानी गर्न बाकी कर कट्टि रकम शुन्य रहेको (म.ले.प.फा.नं २७५) बाट देखियो ।यसरी नै करकट्टि रकम समयमानै सम्बन्धित खातामा दाखिला गरी हिसाब मिलान गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२० **त्रैमासिक पूँजिगत खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम १६ (१०) बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम ३५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरणअनुसार पूँजीगत खर्च वार्षिक रु.१७ करोड ६९ लाख ९ हजार खर्च भएकोमा प्रथम त्रैमासिकमा रु.४८ लाख ९९ हजार अर्थात २.७७ प्रतिशत, दोस्रो त्रैमासिकमा रु.१ करोड ८८ लाख ३३ हजार अर्थात १०.६५ प्रतिशत, तेस्रो त्रैमासिकमा रु.२ करोड ७९ लाख ७५ हजार अर्थात १५.८१ प्रतिशत र चौथो त्रैमासिकमा रु.१२ करोड ५२ लाख अर्थात ७०.७७ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै असार महिनामा मात्र रु.७ करोड १४ लाख ३६ हजार अर्थात ४०.३८ प्रतिशत खर्च देखिनुले असारमा आएर खर्चको चाप बढेकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनु पर्दछ ।

| क्र.सं. | बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च (रु. हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोश्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथौ त्रैमासिक | असार महिना |
| १. | पूँजिगत खर्च | १७६९०९ | ४८९९ | १८८३३ | २७९७५ | १२५२०० | ७१४३६ |
| | प्रतिशत | १०० | २.७७ | १०.६५ | १५.८१ | ७०.७७ | ४०.३८ |

सैद्धान्तिक बेरुजु

२१ **क्षेत्रगत बजेट र खर्च सम्बन्धी विवरण -** स्थानिय तहले एकीकृत,समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस नगरपालिकाको आ.व. २०७९।०८० मा क्षेत्रगत बजेट र खर्चको स्थिती देहाय अनुसार रहेको छ ।

| **मुख्यक्षेत्र** | **वार्षिक वजेट** | **खर्च रकम** | **कुल खर्च मध्ये प्रतिशत** |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| आर्थिक विकास | १,८७,००,०००.०० | १,१७,९६,१३९.३९ | २.७३ |
| सामाजिक विकास | १८,८२,२०,४८४.०० | १६,२९,९८,२०९.५८ | ३७.७१ |
| पूर्वाधार विकास | १६,७८,४७,९३०.५६ | १४,६९,११,९९८.९९ | ३३.९९ |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ३,८२,७१,४८४.०१ | ३,४५,३८,९५३.०१ | ७.९९ |
| कार्यालय सञ्चालन तथा प्रशासनिक | ८,९६,९९,६६८.०० | ७,५९,२०,८१४.९० | १७.५६ |
| **जम्मा** | ५०,२७,३९,५६६.५७ | ४३,२१,६६,११५.८७ | **१००** |

माथि प्रस्तुत तालिका अनुसार नगरपालिकाले सामाजिक विकासको क्षेत्रमा सबैभन्दा बढी अर्थात रु. १८,८२,२०,४८४.०० र सबैभन्दा कम आर्थिक विकासको क्षेत्रमा अर्थात रु.१,८७,००,०००.०० विनियोजन गरेको छ । कुल खर्चमा खर्च प्रतिशत विश्लेषण गर्दा सामाजिक विकासको क्षेत्रमा सबैभन्दा बढी ३७.७१ प्रतिशत र आर्थिक विकासको क्षेत्रमा सबैभन्दा कम अर्थात २.७३ प्रतिशत खर्च प्रगति भएको छ । यसरी सबैभन्दा बढि बजेट विनियोजन गरेको पूर्वाधार क्षेत्रको खर्च गर्ने क्षमतामा सुधार गरी अपेक्षित विकासको नतिजा हासिल गर्ने तथा लक्ष्यनुसार खर्च प्रगति हासिल गरी नगरवासीको सुशासन तथा संस्थागत विकासमा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२२ **खरिद योजना -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोड भन्दा बढीको खरिद गर्दा गुरु योजना तयार गर्नुपर्ने र नियम ८ अनुसार वार्षिक १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनु पर्ने व्यवस्था छ ।तर पालिकाले वार्षिक खरिद योजना तयार नगरी खरिद कार्य गर्ने गरेको छ । जसले गर्दा ठेक्का व्यवस्थापन नहुने, उपयुक्त समयमा गुणस्तरीय वस्तु तथा सेवा

प्राप्ति नहुने, समयमा नै निर्माण कार्य सम्पन्न नहुने र पूँजीगत खर्च पनि वर्षान्तमा अत्याधिक पुगेको देखिन्छ । अतः वार्षिक खरिद योजना तयार गरी खरिद कार्य गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

२३ **वार्षिक लक्ष्य तथा प्रगति -** कार्यालयले चौमासिक र बार्षिक स्तरको प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।पालिकाले पेश गरेको विवरण अनुसार यस आ.व मा जम्मा ११३ वटा कार्यक्रमहरु रहेकोमा १३ वटाको शून्य प्रगति र ७७ वटाको ७५ प्रतिशत भन्दा माथि प्रगति रहेको देखिन्छ भने अन्य कार्यक्रमको कार्यान्वयन सन्तोषजनक देखिदैन । अतः पालिकाले निती तथा कार्यक्रमहरु छनौट गर्दा कार्यान्वयनयोग्य मात्र छनौट गरी तिनीहरुको प्रभावकारी कार्यान्वयनमा ध्यान दिनुपर्दछ।

| **कार्यक्रम/योजना** | **कुल कार्यक्रम** | **वार्षिक प्रगति स्थिति** | | | | |
|---|---|---|---|---|---|---|
| | | **शून्य प्रगती** | **२५ प्रतिशत सम्म प्रगति** | **५० प्रतिशत सम्म प्रगति** | **७५ प्रतिशत सम्म प्रगति** | *७५ प्रतिशत भन्दा माथि* |
| **कार्यक्रम संख्या** | ११३ | १३ | ९ | ७ | ७ | ७७ |

सैद्धान्तिक बेरुजु

२४ **आयोजना बैक -** स्थानिय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा पालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानिय स्तरको विकासको लागि आवधिक, वार्षिक, रणनितिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाई लागू गर्नुपर्ने, त्यस्ता योजना संघिय सरकार र प्रदेश सरकारका योजना अनुकूल हुनुपर्ने विभिन्न अन्तरसम्बन्धित विषयलाई ध्यान दिई योजना तर्जुमा गर्नुपर्ने व्यवस्था रहेको छ ।योजना बनाउँदा आर्थिक विकास र गरिवी निवारणमा प्रत्यक्ष योगदान पुग्ने उत्पादन मूलक र छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तरमा आम्दानी र रोजगार बढ्ने, स्थानिय स्तरका जनताको सहभागिता जुट्ने, स्वयंम परिचालन गर्न सकिने तथा लागत कम लाग्ने, स्थानिय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, पिछडिएको वर्ग र समुदायलाई प्रत्यक्ष लाभ हुने योजना सञ्चालन गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले आवधिक योजना बनाई कार्यान्वयनमा ल्याएको पाइएन । स्थानिय

आवधिक योजना र आयोजना बैकको अवधारणा कार्यान्वयन गरी आयोजना छनौट र आयोजना व्यवस्थापनमा प्रभावकारिता ल्याउनुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

२५ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४७ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित १६ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार सहायक पाचौ, सहायक चौथो सहित ३१ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ

| सैद्धान्तिक बेरुजु |
|---|

२६ **आर्थिक सहायता -** नगरपालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु.२४८५००० आर्थिक सहायता वितरण गरेको छ ।यसरी निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

२७ **सेवा प्रवाह सम्बन्धी विवरण -** स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा पालिका तथा वडा कार्यालयहरुको काम,कर्तव्य र अधिकारको व्यवस्था छ। पालिकाले आफ्नो क्षेत्र भित्रका जनताहरुलाई छिटो, छरितो तथा मितव्ययि तवरले सेवा प्रवाह गरी स्थानिय स्तरमा सुशासनको प्रत्याभूति हुने गरी सेवा प्रवाह गर्नुपर्दछ।उपलब्ध विवरण अनुसार पालिकाले यस आ.व मा प्रदान गरेको सेवा प्रवाहको स्थिती देहायबमोजिम रहेको छ ।

| **विवरण** | **जम्मा संख्या** |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | १६ |
| जन्मदर्ता | १२१५ |

| | |
|---|---|
| मृत्युदर्ता | ३०१ |
| बसाईसराई दर्ता | ४२ |
| विवाह दर्ता | ३९२ |

सैद्धान्तिक बेरुजु

२८ **कानून र सञ्चालन स्थिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २ वटा ऐन, २ वटा नियमावली, ९ वटा कार्यविधि, १ वटा निर्देशिका गरी जम्मा १४ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । तसर्थ, उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२९ **न्यायीक समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १४ र यो बर्ष थप भएको ५८ गरी कुल ७२ विवाद तथा उजुरी दर्ता भएकोमा यो वर्ष ५३ वटा मात्र फछ्र्यौट भई १९ वटा बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३० **जिन्सी निरीक्षण -**आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ९९ सोही नियमावलीको नियम ९४,९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने,सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन ।जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे

यकिन गर्न सकिएन ।नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

---

३१ **लगत अद्यावधिक गरी नराखेको -** पालिकाले राजस्व बक्यौताको अभिलेखहरुको अद्यावधिक गरी राखेको देखिएन । अभिलेख नरहेकोले गत विगतमा के कति राजस्व बक्यौता रहेको विषयमा यकीन हुन सकिएन । पालिकाले गत विगतसहितको राजस्व बक्यौता अभिलेख अद्यावधिक गरी राजस्वको अभिलेख चुस्त दुरुस्त बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

---

३२ **म ले प फारमको प्रयोग नभएको -** राजश्व आम्दानी गर्ने कार्यालयहरुले तोकिएका मलेप फारमहरु प्रयोग गर्नुपर्दछ ।राजश्व तर्फ मलेप फारमहरु १०१ देखि ११५ सम्म तोकिएका छन ।जस अनुसार दैनिक राजश्व/आम्दानी खाता १०२, गोश्वारा भौचर १०३, राजश्व आम्दानिको शीर्षगत खाता १०४, राजश्व आम्दानीको गोश्वारा खाता १०५, राजस्व आम्दानीको दैनिक नगद प्राप्त गोश्वारा खाता १०६, राजश्व आम्दानीको दैनिक बैंक भौचर प्राप्त गोश्वारा खाता १०७, राजश्व आम्दानी बैंक नगदी किताब १०८, राजश्वको बैंक हिसाब मिलान विवरण १०९, राजश्व आम्दानीको आर्थिक विवरण/फाँटवारी ११०, करदाताको लगत १११, करदाताको गोश्वारा लगत फारम ११२, राजश्व आम्दानीको लगत र असुली प्रतिवेदन ११३, राजस्व आम्दानीको केन्द्रिय अभिलेख खाता ११४ र कोष अवस्थाको मासिक विवरण ११५ छन् ।यस नगरपालिका र वडा कार्यालयहरुले उपरोक्त फारमहरु प्रयोग गरेको पाइएन ।फारमहरु प्रयोग नभएकोले रसिदबाट प्राप्त भएको आम्दानीको एकिन हुन सकेन । तोकिएको मलेप फारम नं हरु प्रयोग गरी आम्दानीको अभिलेख चुस्त र दुरुस्त राख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

---

३३ **राजस्व सफ्टवेयरको प्रयोग -** आन्तरिक राजस्व संकलन लागि सफ्टवेयरको प्रयोग गर्नुपर्नेमा पालिका तथा वडा कार्यालयमा सफ्टवेयर प्रयोग नगरी नगदी र मालपोत रसिद प्रयोग गरेको देखियो। सफ्टवेयर प्रयोग नहुदा अभिलेख प्रणाली व्यवस्थित नभएको, केन्द्रीकृत नभएको, आन्तरिक नियन्त्रण नभएको र राजश्व चुहावटको सम्भावन रहेकोले अनिवार्य रुपमा राजश्व सफ्टवेयर प्रयोगमा ल्याउनुपर्दछ।

सैद्धान्तिक बेरुजु

---

३४ **माछा पोखरी ठेक्का -** नगरपालिकाले आन्तरिक आय-आर्जनको लागी लगाइएका ठेक्काहरुवाट सम्झौता वमोजिम समयमै किस्ता रकम प्राप्त गर्नुपर्दछ । तर नगरपालिकाले माछापोखरी संचालन गर्न भाडामा लिने व्यवसायी विच ३ वर्षे सम्झौता हुने गरेको छ । सम्झौता वमोजिम आव २०७९।८० मा प्राप्त

गर्नुपर्ने आय रु. ४३४१६९ बांकी रहेको देखिएको छ । यो वर्षसम्म किस्ता प्राप्त हुनुपर्ने निम्नानुसारका व्यवसायीहरुबाट किस्ता प्राप्त नभएकोले सम्झौता अनुसार प्राप्त हुनुपर्ने किस्ता वापतको रकम र ढिला बुझाए वापत लाग्ने व्याज, जरिवाना समेत व्यवसायीवाट सरकारी बांकी सरह असुल गर्नुपर्ने रु.

| ठेक्काको नाम | ठेकेदार | सम्झौता मिति | अवधि वर्षमा | कबोल अंक | हालसम्म वुझाएको रकम | २०७९।८० मा वुझाउनु पर्ने बांकी रकम |
|---|---|---|---|---|---|---|
| मखनिया पोखरी | अशोक कुमार जयसवाल | ०७९।६।३० | ३ | १५३०००० | ५१०००० | २५५००० |
| करहर्वा पोखरी | रामदेव मुखिया | ०७९।३।१३ | ३ | १०७५००० | १७९१६९ | १७९१६९ |
| | जम्माः | | | | | ४३४१६९ |

| असुल गर्नुपर्ने | ४,३४,१६९ |
|---|---|

३५ **ठेक्का नलागेको -** पालिकाको राजश्व शाखाको विवरण अनुसार पालिका भित्र ८ वटा पोखरी रहेकोमा ५ पोखरी र ४ हटिया बजारको ठेक्का लागेको देखिएन ।साथै राजश्व शाखाको भनाई अनुसार पालिका अन्तर्गत अरु पनि पोखरी रहेकोमा त्यसको अभिलेख पालिकासँग रहेको देखिएन ।साथै पालिकाले आफ्नो क्षेत्र भित्र आय श्रोतको अभिलेख राख्नुपर्नेमा सो राखेको देखिएन ।पालिकाले बाँकी रहेको आन्तरिक आम्दानीको श्रोतको ठेक्का लगाउने तर्फ ध्यान दिदैं आन्तरिक आय बढाउनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

३६ **सौतिनिया पोखरी -** नगरपालिकाले आन्तरिक आय-आर्जनको लागी सौतिनिया पोखरीको ठेक्का लगाउन मिति २०७९।४।५ प्रथम पटक सुचना प्रकाशन गरेकोमा सब भन्दा अधिकतम कबोल रु १२६००००० मा सुर्यमनी माछापालन केन्द्र प्रा संग कबुलियत सम्झौता भएको देखिन्छ। तर पालिकाले सुचनाको शर्त अनुसार सम्झौता गरेको देखिएन। सुचना अनुसार सम्झौता गर्न आउदा पहिलो किस्ता पट्टा अग्रिम रुपमा बुझाउनु पर्ने र अन्य किस्ताको रकम वरावरको वैंक ग्यारेन्टी राखी वा धन तथा जेथा दिनुपर्नेछ ।तर पालिकाले यी शर्त पुरा वेगर नै सम्झौता गरेको देखियो।

| सैद्धान्तिक बेरुजु |
|---|

३७ **धरौटी**

३७.१ **धरौटी फिर्ता -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४ को उपनियम २ मा निर्माण व्यवसायीले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात पेश भएपछि रिटेन्सन मनि फिर्ता गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायको निर्माण व्यवसायी र सप्लायर्सको धरौटी रकम फिर्ता गर्दा भुक्तानी भएको रकमको मूल्य अभिवृद्धि कर समायोजन प्रमाण पेश हुनुपर्ने रु.

| गो.भौ.नं. /मिति | व्यवसायीको नाम | धरौटी फिर्ता रु |
|---|---|---|
| २३-०७९।०९।१४ | आयुष कन्स्ट्रक्सन | ५५८८८३ |
| २५-०७९।१०।११ | स्कैपर्स कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा लि | २६४७५९ |
| २७-०७९।१०।१४ | रिद्ध सिद्ध कन्स्ट्रक्सन | २८८३८९ |
| २९-०७९।१०।१४ | नियती प्रसिद्धि कन्स्ट्रक्सन | १२५००० |
| ३१-०७९।११।०४ | स्कैपर्स कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा लि | ४१३२५ |
| ३९-०७९।११।१८ | आयुष कन्स्ट्रक्सन | १४९२१८ |
| | जम्मा | १४२७५७४ |

| प्रमाण पेश नगरेको | १४,२७,५७४ |
|---|---|

३७.२ **धरौटी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६४ मा धरौटी रकमको गोश्वारा धरौटी खाता र व्यक्तीगत धरौटी खाता अध्यावधिक गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले पेश गरेको विवरण अनुसार गतवर्षको धरौटी जिम्मेवारी रु. ५२३६११२.५५, यो वर्षको प्राप्त धरौटी आम्दानी रु.६३०२९४१.०० समेत जम्मा आम्दानी रु. ११५३९०५३.५५ भएको मध्ये

फिर्ता रु. ४७५३६९९.०० गरी बांकी धरौटी रु. ६३३०८६२.५५ देखिन्छ । व्यक्तिगत धरौटी खाता अद्यावधिक नगरेको कारण धरौटी खातामा मौज्दात रहेको रु. ६३३०८६२.५५ मध्ये कुन वर्ष देखिको कस्को नामको के वापत धरौटी रहेको हो यकिन हुँदैन । धरौटी रकम फिर्ता गर्दा व्यक्तिगत धरौटी खाता नरहेकोले वैंक स्टेटमेन्ट अनुसार फिर्ता गर्ने गरेको पाइयो । व्यक्तिगत धरौटी खाता अद्यावधिक नहुंदा दोहोरो फिर्ता हुन सक्ने, वढी रकम फिर्ता हुन सक्ने जोखिम रहने हुँदा धरौटीको व्यक्तिगत अभिलेख खाता अद्यावधिक गरेर मात्र धरौटी फिर्ता गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३८ **विविध खर्च -** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा विविध खर्च गर्नुपर्ने तथा आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा खर्चको पुष्टि गर्ने बील,भरपाई,प्रमाण र कागजात संलग्न गर्नुपर्दछ ।पालिकाले यो वर्ष खाना,खाजा तथा अन्य शिर्षकबाट भुक्तानी दिनुपर्ने रकमहरु विविध खर्च शिर्षकमा समावेश गरी रु.६१९२८७२ खर्च गरेको छ ।यसरी पालिकाले विविध खर्च गर्दा पटक-पटक विविध खर्च नपुग भनी थप बजेट विनियोजन गरी खर्च गरेको देखिन्छ । विविध खर्च बापतको यस्तो रकम खाजा, नास्ता तथा अतिथि सत्कार र पुजा पाठ जस्ता विविध शिर्षकमा खर्च गरेको छ । विविध शिर्षकबाट खर्च गर्न सकिने हो क्रियाकलापहरुको योजना, लागत अनुमान, टिप्पणी अनुमोदन गरी कार्यक्रममा भएको खर्च, होटल बास, अतिथि सत्कार जस्ता कार्यक्रममा कहाँ,कसलाई ,कहिले,के कति खर्च गरेको सोको स्पष्ट आधारको रुपमा प्रमाण स्वीकृत गरी खर्च लेख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३९ **स्थलगत अनुगमन -** पालिकाले यस वर्ष कृषि तथा विकासमा आधारित सानाकिसान तथा युवा उधमी साझेदारी कार्यक्रम संचालनका लागि हेफर प्रोजेक्ट नेपालसंग मिति २०७९।१०।१५ देखि २०८३।३।१६ सम्म ४ वर्षको लागि सम्झौता भएको देखिन्छ। यो कार्यक्रमको कुल बजेट रु ५७१४२८५७ रहेकोमा पालिकाले रु ४००००००० र हेफरले १७१४२८५७ खर्च व्यहोर्ने गरी सम्झौता भएको देखिन्छ। पालिकाले यो वर्ष हेफरलाई रु ५१००००० भुक्तानी दिएकोमा हेफरले यो वर्ष ३४० वटा बाख्रा, ३० वटा बोका र घास खरिद गरी ९ वटा समुहलाई वितरण गरी खर्च गरेको छ। लेखापरीक्षणको क्रममा नमुना आधारमा ३ वटा समुहमा स्थलगत अनुगमन गर्दा सहेली परिवार समुहलाई २५ वटा बाख्रा दिएकोमा ६ वटा मरेको, विसहा समुहलाई २५ वटा बाख्रा दिएकोमा १० वटा मरेको, दुर्गा समुहलाई २५ वटा बाख्रा दिएकोमा ७ वटा गरी मरेका बाख्रा संख्या २३ वटा रहेको देखियो। लेखापरीक्षएको समयको सीमिताले गर्दा अरु सबै समूहको स्थलगत अनुगमन हुन सकेन। हेफर योजनाले कार्यक्रम संचालन गरी सम्झौता अनुसार प्रगति विवरण सार्वजनिक नगरेको, नगरपालिकामा समेत पेश नगरेको स्थितीमा बाख्रा प्राप्त गरेको समूहले थप बाख्रा उत्पादन गरी अन्य

उपसमुहलाई वितरण गरी बाख्रा कार्यक्रमको संख्यालाई बढाउदै रोजगारीमूलक आय सृजना गर्नुपर्नेमा त्यस विपरित अस्वभाविक तवरले बाख्रा मरेको विवरण अनुगमन भएकोले अन्य समूहमा समेत पालिकाले छानविन गरी स्थिती सार्वजनिक गर्नुपर्छ। यसरी कार्यक्रम संचालन गरी उदेश्यमूलक तवरले कार्यन्वयन नगर्नेहरुलाई जिम्मेवार बनाई निरीक्षणको क्रममा मरेको विवरण प्राप्त गरेका बाख्राको रकम असुल उपर गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,३०,००० |

४० **सवारी साधन,मेशिनरी औजार मर्मत तथा सम्भार खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ वमोजिम सरकारी जिन्सी मालसामान हानी नोक्सानी नहुने गरि संरक्षण गर्ने र तिनीहरुको राम्रो सम्भार गरी वा चालु अवस्थामा राख्ने उत्तरदायित्व सम्वन्धित कार्यालय प्रमुखको हुने उल्लेख छ । मर्मत खर्च लेखेका सामानहरुमा डेक्सटप, कम्प्युटर, ल्यापटप, प्रिन्टर, चार्जर, माउसका साथै मेशीनरी औजार र सवारी साधनहरु रहेका छन।कार्यालयले सवारी साधन तथा औजार सामाग्री मर्मतको स्थायी अभिलेख र लगसिट तयार नगरेको एवंम् व्यक्तिको नाममा समेत मर्मत तथा सम्भार बापत भुक्तानी दिएको हुँदा मर्मत खर्च यथार्थ हो भन्नेमा विश्वत हुन सकिएन।मेशिन औजार मर्मतको अभिलेख खाता नराख्दा गत आ.व. मा भएको खर्च संग तुलना गरी भिडाउने आधार देखिएन। सोही वमोजिम कार्यालयमा रहेको चल्ती जिन्सी मालसामान मर्मत गर्नुपर्ने भएमा कार्यालय प्रमुखबाट मर्मत आदेश स्वीकृत गराई मर्मत गराई खर्च लेख्ने र सोको मर्मत अभिलेख तयार गरी राख्नुपर्दछ ।नगरपालिकाले मर्मत खर्च भुक्तानी गर्दा म.ले.फा.नं ४१५ व्यवस्थित तवरले तयार नगरी सवारी साधन मर्मत तर्फ रु.१७७८५१८ र मेशिनरी औजार मर्मत तथा सम्भार खर्च तर्फ रु.९७७४७१ खर्च लेखेको छ ।सवारी साधनहरुको मर्मत सम्भार खर्च लेख्दा लाभ लागत विश्लेषण गरेको देखिएन ।अतः नियमको पालना गरी खर्च व्यवस्थित गर्नेतर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४१ **भ्रमण, अनुगमन तथा मूल्यांकन खर्च -** भ्रमण खर्च नियमावली, २०६४ अनुसार आफू कार्यरत क्षेत्रभित्र भ्रमण गर्दा दैनिक भ्रमण भत्ता नपाउने तथा एकै दिन गएर फर्किन सक्ने ठाउमा खाजा खर्च वापत दैनिक भ्रमण भत्ताको २५ प्रतिशत रकम दिन सकिने उल्लेख छ । नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूचि ६ बमोजिमको ढाचामा भ्रमण अभिलेख राख्नुपर्ने उल्लेख छ । कार्यालयले विभिन्न पदाधिकारी तथा कर्मचारीले विभिन्न स्थानमा अनुगमन तथा भ्रमण गरेको भनी भ्रमण खर्चमा रु.१०५५०३५ र अनुगमन तथा मूल्यांकन खर्चमा रु.१३८०००।खर्च लेखेकोमा भ्रमण अभिलेख खाता र भ्रमण प्रतिवेदन व्यवस्थित राखेको छैन । नियमावलीमा उल्लेख भए बमोजिम भ्रमण अभिलेख तथा भ्रमण प्रतिवेदन राखेर मात्र भ्रमण खर्च लेख्ने र एकैदिन जान आउन सकिने स्थानमा बास गरी काज खटाउने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## ४२ कर्मचारी व्यवस्था

४२.१ **करार सेवा शुल्क -** स्थानिय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८३ मा स्थानिय तहले स्थायी प्रकृतिको कामको लागि आवश्यक पर्ने तथा सेवा करारमा लिने कर्मचारीको लागि लाग्ने खर्च व्यहोर्ने स्रोत समेत विश्लेषण गरी दरवन्दी प्रस्ताव गर्नुपर्ने र यस्तो दरवन्दीको व्यवस्थापन सर्वेक्षण गरी सभाबाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ ।यस वर्ष पालिकाले नगर प्रहरी तर्फ ११ जना, नगर स्वयंसेवक शिक्षक ३० जना, कार्यालय सहयोगी १० जना, सहायक कम्प्युटर अपरेटर ११ जना, स्वीपर २ जना, स्वास्थ्य तर्फ १६ जना, प्रशासन सेवा अप्राविधिक ३ जना गरी जम्मा ८३ जना नियुक्त गरी रु.१९४६२३८७ खर्च लेखेको छ ।त्यसैगरी सोही ऐनको दफा ८३(८) बमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक,कार्यालय सहयोगी,पलम्वर,इलेक्ट्रिसियन,चौकिदार,मालि तथा बगैचे लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ ।तर पालिकाले माथि उल्लेखित पद बाहेक अन्य पदमा समेत करारमा नियुक्ती गरी पारिश्रमिक भुक्तानी दिएको देखिन्छ ।अतः प्रचलित ऐन विपरीत करारमा कर्मचारी नियुक्ती गरी पालिकालाई थप व्ययभार पार्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४२.२ **तलबी प्रतिवेदनः** स्थानिय सरकार सञ्चालन ऐन,२०७४ बमोजिम स्थानिय तह अन्तर्गतका कर्मचारीहरुको वार्षिक तलवी प्रतिवेदन आन्तरिक लेखापरीक्षकबाट र निजामती कर्मचारीको तलबी प्रतिवेदन निजामती सेवा ऐन,२०४९ को दफा ७ ख(२) बमोजिम जिल्ला स्थित कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट पारित गराई तलब खर्च लेख्नुपर्ने व्यवस्था रहेको छ ।यस वर्ष पालिकाका कर्मचारीको तलबी प्रतिवेदन पारित नगरी १६ जना स्थायी कर्मचारीहरुको तलब भत्तामा रु.९८७३४७५.०० खर्च गरेको छ ।यसरी तलवी प्रतिवेदन पारित नगराई खर्च गर्दा तलब भत्ता तथा ग्रेडको सम्बन्धमा एकिन गर्न सकिएन ।कानुन अनुकुल तलबी प्रतिवेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## ४३ इन्धन खर्च

४३.१ **इन्धन खर्च जे.सि.बी,दमकल, एम्बुलेन्स तथा कार्यालय प्रयोजन -** नगरपालिकाले यस वर्ष जे.सि.बी,दमकल,एम्बुलेन्समा रु.२००००००.०० तथा कार्यालय प्रयोजनमा रु.२६४०२६६.४६ गरी जम्मा रु.४६४०२६६.४६ खर्च गरेकोमा सवारी प्रयोगकर्ताको गन्तब्य स्थान, दुरी, समय र इन्धन खपत बीच सामजस्यता हुने गरी व्यवस्थित तवरले सवारी लगबुक राख्नुपर्नेमा राखेको पाइएन । जसले

गर्दा इन्धन खर्च मितव्ययी तरिकाले भएको छ भनी एकिन हुन सक्दैन । तसर्थ इन्धन खर्च पुष्टी हुने लगवुक राखी मितव्ययी तरिकाले इन्धन खर्च लेख्नु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

४३.२ **इन्धन पदाधिकारी -** यस गरपालिकाका प्रमुख तथा उप-प्रमुखले सवारीसाधन र अन्य पदाधिकारीहरुले यातायात सुविधा बापतको रकम लिएको देखियो । स्थानिय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन,२०७७ अनुसार नगरपालिकाका प्रमुख तथा उप-प्रमखुले मासिक १२५ लि. इन्धन र चौमासिक १० लि.मोबिल पाउने व्यवस्था रहेको छ । उक्त ऐन अनुसार प्रमुख तथा उप-प्रमुखले वार्षिक ३६०० लि. इन्धन र ६० लि. मोबिल खर्च गर्न पाउने देखिन्छ। मापदण्ड अनुसार खपत गर्न पाउने इन्धनको प्रचलित औसत बजार दर (३०००*१७३)= रु.५१९००० तथा मोबिलको प्रचलित औसत बजार दर (६०*४७५)= रु.२८५०० गरी जम्मा रु.५४७५०० हुन आउँछ । नगरपालिकाले इन्धन पदाधिकारीमा वार्षिक रु.१४४३५७४.०० खर्च गरेको छ । यसरी मापदण्ड भन्दा बढि खर्च गरेकोले अनियमित देखिएको रु.

| अनियमित भएको | ८,९६,०७४ |
|---|---|

४४ **अनुउत्पादक खर्च -** पालिकाले आफ्नो क्षेत्राधिकार भित्र बजेट बनाई खर्च गर्दा अधिकतम उत्पादकत्व र प्रतिफल दिने,आधारभूत शिक्षा तथा स्वास्थ्यको क्षेत्र तथा पूर्वाधार विकास मार्फत रोजगारी सिर्जना गर्ने गरी तुलनात्मक लाभ लिन सक्नेगरी बजेट विनियोजन गर्नुपर्नेमा पालिकाले विभिन्न वडाहरु तथा नगरस्तरमा गरी वितरणमुखी खेलकुद सामाग्री वितरण,छठ पर्व व्यवस्थापन,दिपावली पर्व व्यवस्थापन,विद्यालयहरुमा पोशाक तथा स्टेशनरी सामाग्रीहरु वितरण कार्यक्रमको लागि बजेट विनियोजन गरी यस वर्ष रु.३०५१६१३ खर्च गरेको छ ।पालिकाले यसरी अनुत्पादक र वितरणमुखि कार्यक्रममा खर्च गर्दा सोबाट प्रतिफल प्राप्त हुने नदेखिएकोले यस्तो प्रकृतिको अनुउत्पादक खर्चलाई नियन्त्रण गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

४५ **घर तथा जग्गा भाडा -** घर तथा जग्गा भाडाः सार्वजनिक खरिद नियमावलीको नियमावलीको नियम ९४ मा घरजग्गा भाडामा लिने सम्बन्धी व्यवस्था रहेको छ ।उक्त नियम अनुसार घरजग्गा भाडामा लिने सार्वजनिक निकायले नियम ९४ को उपनियम २(१) बमोजिमका कुराहरु खुलाइ सात दिनको सूचना टास गर्ने उक्त अवधिभित्र पर्न आएका प्रस्तावहरुलाई जिल्ला घरभाडा निर्धारण समितीमा पेश गरी निर्धारण समितीले निर्धारण गरे बमोजिमको दरमा घरजग्गा धनीसँग सम्झौता गरी भाडामा लिनुपर्ने हुन्छ।पालिकाले सो बमोजिम नगरी वडा कार्यालय,नगर कार्यपालिका लगायतको कामकाजको लागि

सोझै विभिन्न व्यक्तिहरुसँग घरभाडा सम्बन्धी सम्झौता गरी घरभाडा रु.३१८५००० खर्च लेखेको छ ।पालिकाले प्रचलित नियमको परिपालना गरी सार्वजनिक खर्चलाई नियमसम्मत बनाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४६ **कार्यक्रम -** पालिकाले यस वर्ष नगर प्रमुख विपन्न नागरिक सहायता कोष तर्फ रु.१९८०००० तथा महिलासँग उपमेयर कार्यक्रम तर्फ रु.३८५००० र गरिवसँग महिला कार्यक्रम तर्फ रु.२०००० गरी जम्मा रु.२३८५००० खर्च गरेको छ । सहायता रकम पालिका विपन्न परिवारहरुको छोरी विवाह,कृया खर्च तथा औषधी उपचार लगायतका शिर्षकहरुमा खर्च गरेको देखिन्छ । पालिकाले स्थानिय सरकार संचालन ऐन,२०७४ को दफा ११ उपदफा ७ ले दिएको अधिकार प्रयोग गरी आर्थिक सहायता कार्यविधी,२०७९ बनाई कार्यान्वयन गरेको भए तापनि प्रदान गरेको सहायताको एकिकृत लगत तयार गरेको छैन ।सम्बन्धित व्यक्तिहरुको निवेदन तथा वडाहरुको सिफारिस, नगर प्रमुख तथा उप-प्रमुखको तोक आदेशका आधारमा सहायता रकम वितरण भएको देखिएकोले । छोरी विवाह अन्तर्गत दिएको सहायता रकमको लागि लाभग्राहीबाट विवाह दर्ता प्रमाण पत्र संलग्न गर्नुपर्दछ भने अन्य सहायता रकमको लागि पालिकाले लाभग्राहीको पहिचान तथा उनीहरुको आर्थिक स्थिती जस्ता विषयहरुमा अनुगमन तथा मूल्यांकन गरी प्रदान गरिएको सहायता रकममा दोहोरोपना नहुने गरी प्रभावकारी उपयोग सुनिश्चतता गर्नेतर्फ उचित ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४७ **PCC For RCC (M15)**

**.......** (मिति **२०८१-१-२३** मा **पालिका** को **५,०७६,६७२** सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको)

४८ **PCC For RCC (M20):**

**.......** (मिति **२०८१-१-२३** मा **हिराबाबा कुटी देखि पश्चिम खेल मैदान जाने सडक स्तरोन्नति कार्य** को **१,०७१,१२१** सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको मिति **२०८१-१-२३** मा **जीपपूर बजारदेखि लक्ष्मीपुर जानेबाटो स्तरोन्नति** को **१,०६२,४०७** सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको मिति **२०८१-१-२६** मा **पेट्रोल पम्पदेखि विश्वम्मपुर जाने सडक स्तरोन्नति** को **५६१,७४४** सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको मिति **२०८१-१-२६** मा **सुस्ज सम्सी जनकपुर सडक खण्ड दक्षिण गागेन्द्र महत्तो फुलबारी जाने सडकको स्तरोन्नति** को **३९७,०७०** सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको)

४९ **उपभोक्ताको योगदान**

✍ ....... (मिति २०८१-१-२६ मा **गणपति सिंहको खलियादेखि राजेन्द्र सिंहको खेत हुँदै सडकको निर्माण** को **३७७,५८०** सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको)

५० **ह्याण्डपम्प**

✍ ....... (मिति २०८१-१-२६ मा **पालिका** को **१,२९३,०३१** सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको)

---

५१ **ग्रावेल कार्य -** नगरपालिकाका नगरस्तरीय र वडाका सडकहरुमा ग्रावेल र माटोको कार्य गर्दा ग्रावेल र माटोको दरमा ढुवानी र म्यानुअल कम्प्याक्सन सहित भुक्तानी गर्दा वास्तविक भन्दा बढी दरमा कार्य गराएको छ ।महोत्तरी जिल्लामा ग्राबेलको दर प्रति घ.मी १९६५ र माटोको दर प्रति घ.मी ४०० कायम छ । जिल्लादररेटले ट्र्याक्टरबाट ढुवानी र कम्प्याक्सन सहित प्रति घ.मी ११४ तोकेमा फरक र उच्च दरमा विश्लेषण गरी खर्च लेखेको देखियो । निर्माण भएका योजनाको माटो र ग्राबेलको ढुवानी सहितको बील भरपाई र ट्र्याक्टरबाट सम्माउने कार्यको प्रति घ.मी ११४ को आधारमा निम्नानुसार बढी खर्च लेखेकोले उक्त रकम नियमित हुनुपर्ने रु.

| योजनाको नाम | कार्य | परिमाण घ.मी | पेश भएको बील/भरपाइ को रकम | ट्र्याक्टर कम्प्याक्सन को रकम प्रति घ.मी | भुक्तानी रकम | बढी रकम |
|---|---|---|---|---|---|---|
| वडा नं ३ जितपूर बजार देखि लक्ष्मीपुर जाने सडक स्तरोन्नति | ग्रावेल | ३२१.७२ | ८८६५०० | ३६६६४.६८ | १०१०२०८.४२ | ८७०४४ |
| | माटो | २२८.७४ | पेश नभएको | २५९९२ | १३६४३४ | ११०४४२ |
| विष्णुपरदेखि कन्चिया माइस्थान सडक | ग्रावेल | १२९ | ३८६६२४ | १४७०६ | ४०५१८९ | ६८५९ |
| | माटो | १४८ | ३१५०५ | १६८७२ | ८०२१६ | ३१८३९ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| हिराबाबा कुटी देखि पश्चिम खेल मैदान जाने सडक स्तरोन्नति | ग्रावेल | ३४५.५ | ७२०००० | ३९३८७ | १०८५२१५ | ३२५८२९ |
| | माटो | ५९० | नभएको | ६७२६० | ३१९७८० | २५२५२० |
| सम्सी जनकपुर खण्डदेखि नागेन्द्र महत्तोको फुलबारी सडक | ग्राबेल | ९७७ | २४५२२३० | १११३७८ | ३०६८७५७ | ५०५१४९ |
| सहदेव साहको घरदेखि हेमन्त मुखियाको खेतसम्म सडक मर्मत | ग्राबेल | १८०.९६ | २७१२०० | २०६६२९ | ५६८३९५ | २७६५६६ |
| विरजु मण्डलको घरदेखि पूर्व थलही कुलो मर्मत | ग्राबेल | ३० | ४५००० | ३४२० | ९४२३० | ४५८१० |
| बर्दिवास जलेश्वर सडक देखि विर्ताजाने सडकमा यलही कुलो सडक मर्मत | ग्राबेल | २९.३५ | ४५००० | ३४२० | ९२१८८ | ४३७८८ |
| भुइया स्थान देखि ब्रहमस्थान जानेबाटो मर्म | माटो | २९३.२५ | ५९००० | ३३४३० | १७५४३९ | ८३००९ |
| विश्वम्भरपुर बजारमा माटो पुर्ने कार्य | माटो | ६०० | १८०००० | ६८४०० | ३२५६३२ | ७७२३२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| रजखोर पोखरीको डिलमा रहेको मन्दिर देखि नयुनि खेत सम्म सडक | ग्रावेल | १९.८४ | ३६००० | २६६१ | ६२३१७ | २३६५६ |
| | माटो | ५२.२ | १०४५० | ५९५० | २८३२८ | ११२९८ |
| सिताराम साहको खेत नजिकको कल्भर्ट देखि सिँचाइ सडक सम्म कृषि सडक | माटो | ५२५.१५ | १६३२०० | ५९८६७ | २८४६३१ | ६१५६४ |
| नुनधारामा विभिन्न सडक स्तरोन्नति | ग्राबेल | १४७ | ३८१५९३ | १६७५८ | ४६१७९० | ६३४३९ |
| रामनाथ साहको घरदेखि भोगेन्द्र राउतको घरसम्म माटो ग्रावेल | ग्रावेल | ५६.१० | १०२९०० | ६३९५ | १७६२३४ | ६६९३९ |
| अगलेशरा चोकदेखि पूर्व कंचनपुर जाने कृषि सडक स्तरोन्ति | ग्रावेल | २९३.३४ | ४०७००० | ३३४४० | ६८७५६२ | २४७१२२ |
| राजकुमार मण्डलको पोखरी देखि पूर्व प्रकाश महत्तो पोखरी बाटो | ग्रावेल | १५६.६७ | २४०००० | १७८६० | ४९२१८३ | २३४३२३ |
| | ग्रावेल | १३४ | २४५०० | १५२७६ | ४२१४५४ | १६११७८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| बिरानमुखियाको घरदेखि पूर्व लिदियाही पैनीसम्म कृषि सडक | माटो | २१४ | ३५००० | २४३९६ | ११६२५९ | ५६८६३ |
| थलही टोलदेखि दक्षिण प्रगास मण्डलको घरदेखि राज कुमार मण्डल घर सडक | ग्रावेल | १०१.५ | १३२००० | ११५७१ | ३१८०११ | १७५२४० |
| | माटो | ३२७.४८ | ९७९४० | ३७३३२ | १९५१७८ | ५९९०६ |
| न.पा भित्रका सडक मर्मत | ग्रावेल | ५२७.७७ | १०७६१०० | ६०१६५ | १६५७९२५ | ५२१६८७ |
| | माटो | ६०८ | १००००० | ६९३१२ | ३६२३६८ | १९३०५७ |
| पल्टु साहको घरदेखि झो.पु सम्म सडक मर्मत | ग्राबेल | १३१.१० | २४०००० | १४९४५ | ४११७८५ | १५६८४० |
| वडा नं सडक स्तरोन्ति | ग्राबेल | १५० | ४२९००० | १७१०० | ४७११५० | २५०५० |
| कल्भर्ट देखि रामवली यादवको घरसम्म ढलान | ग्राबेल | ८८.२ | १३०००० | १००३२ | २७६४०८ | १३६३७६ |
| शियाशरणको बारीदेखि सोगरथ यादवको घरसम्म ढलान | ग्राबेल | ५६.३९ | १०४००० | ६३८४ | १७५८९६ | ६५५१२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| राजेन्द्र प्रसाद सिंहको घरदेखि पोखरीसम्म सडक मर्मत | ग्राबेल | ७५ | १६२५०० | ८५५० | २३५५७५ | ६४५२५ |
| पागर गाछी देखि एकवालीको घरसम्म सडक मर्मत | ग्राबेल | ४० | ९०००० | ४५६० | १२५६४० | ३१०८० |
| बर्दिबास जलेश्वर सडक खण्ड देखि पूर्व यलही सिमाना ओक्सी खोला कृषि सडक | ग्राबेल | ९७ | १४४००० | ११०५८ | ३०४६७७ | १४९६१९ |
| | माटो | १५८ | ३६०४० | १८०१२ | ८५३३६ | ३१५८४ |
| वडा नं ५ को विभिन्न सडकमा स्तरोन्नति | ग्राबेल | ३१ | ४८००० | ३५३४ | ९७३७१ | ४५८३७ |
| मौजे महत्तोको वगैचा देखि विन्दु मण्डलको खेत सम्म सडक मर्मत | माटो | ४५४ | ८०००० | ५१७५६ | २४६३९४ | ११५६३८ |
| वडा नं २ मा टेगरटोलको विभिन्न सडक मर्मत ग्राबेल | ग्राबेल | २४० | ४९४००० | २७३६० | ७५३८४० | २३२४८० |
| ब्रहमस्थान मोहनपुरको स्तरोन्नति वडा २ | ग्रावेल | १७५ | ५८००० | १९९५० | ९८८५० | १७००० |
| वडा नं २ सडक स्तरोन्नति | ग्राबेल | ११० | २६६१७५ | १२५४० | ३४५५१० | ६७१५९ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | माटो | ४७३ | १७५३८० | ५३९२२ | २५९३६६ | २७०६४ |
| जनता प्रा.वि देखि टोला सम्म तथा चन्द्र यादव घरदेखि पूरानो कुटी ग्रावेल | ग्रावेल | ८७ | १३३२०० | ९९१८ | २७३२६७ | १३०१४९ |
| वरन ठाकुरको घरदेखि रामनन्दन पासवानको घरसम्म | ग्राबेल | ४८ | ९६००० | ५४७२ | १५०७६८ | ४९२९६ |
| जम्मा | | | | | | ५०६७५६८ |

| | |
|---|---|
| अनियमित भएको | ५०,६७,५६८ |

५२ **टावर लाइट**

**.......** (मिति **२०८१-१-२६** मा **पालिका** को **१,८३१,९७८** सम्परीक्षण मनासिब देखि फस्र्यौट गरिएको)

५३ **इट्टाको कार्य**

**.......** (मिति **२०८१-१-२५** मा **पालिका** को **९३३,८४०** सम्परीक्षण मनासिब देखि फस्र्यौट गरिएको)

५४ **स्यानेटरी प्याड खरिद -** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं. २.७.१३.२३ मा सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा ६-१२ सम्मका छात्राहरुका लागि निशुल्क स्यानेटरी प्याड वितरणको व्यवस्था छ । नगरपालिकाले यस वर्ष भौ.नं. १२८-२०८०/२/५ बाट रु. ४४ प्रति प्याकेट (मू.अ. कर समेत) का दरले ४४८४० प्याकेट स्यानेटरी प्याड रु.१९,७३,०५८ मा शिलबन्दि दरभाउपत्रको माध्यमबाट प्रतिक्षा मेडिसिन सप्लायर्स (१२३५६७३६)बाट प्याड खरिद गरेको छ। यस सम्बन्धमा देखिएका व्यहोराहरु यस प्रकार रहेका छन्ः

- सार्वजनिक खरिद नियमावली २०६४ को नियम (११) अनुसार कुनै पनि सार्वजनिक निकायले मालसामान खरिद गर्नु पूर्व नियम (११) मा उल्लेख भाए अनुसार गत वर्ष यस्तै सामान खरिद गरेको भए त्यसको वास्तविक लागत, स्थानिय बजार दर, अन्य बजारको दर, उद्योग वाणिज्य संघले जारी गरेको दरको आधारमा लागत अनुमान तयार गर्नुपर्नेमा पालिकाले बजेटालाई नै आधार मानी स्यानेटरी प्याड खरिद गरेको छ। नियमावलीको व्यवस्था अनुसार स्पेशिफिकेशन सहितको लागत अनुमान स्वीकृत नगराई स्यानेटरी प्याड खरिद गर्नु नियमावलीको व्यवस्था बमोजिम नदेखिएकोले खरिद सम्बन्धी कानून पालन तर्फ पालिकाले ध्यान पुर्याउनुपर्दछ ।
- स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ । साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ । ४४८४० थान स्यानिटरी प्याड रु.१९७३०५८ मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि लेखापरीक्षणको अवधिसम्म पनि केहि मात्रामा मौज्दातमा राखेको देखिन्छ साथै खरिद गरेको प्याडको गुणस्तर परीक्षण नगरी भण्डारण राखेकोले प्याडको गुणस्तरप्रति पालिकाले आश्वस्त गर्नुपर्दछ । तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा गुणस्तरीय प्याड मात्र खरिद गर्नुपर्दछ।
- तर्सथ पालिकद्वारा रु.१९,७३,०५८ मा खरिद गरिएको ४४८४० थान मध्ये बाँकी स्यानेटरी प्याड समयमै खर्च गरी सम्बन्धित विद्यालयहरुले आफ्नो जिन्सी खातामा आम्दानी बाँधेको र विद्यार्थीहरुलाई वितरण गरेको यकिन गर्नुपर्दछ । साथै कार्यन्वयन पुस्तिकाको निर्देशन अनुसार विद्यालयले प्याड प्राप्ति र वित्तरण सम्बन्धी प्रतिवेदन तयार गरी स्थानीय तहमा पशे गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५५ **दिवा खाजा -** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९/८० को क्रियाकलाप नं २.७.११.१ मा सामुदायिक विद्यालयका तोकिएका विद्यार्थीको लागि दिवा खाजा अन्तर्गत बालबिकास देखि कक्षा ६ सम्मको विद्यार्थीलाई प्रति विद्यार्थी प्रति दिन रु. १५ का दरले खाजा खुवाएको दिनको आधारमा १८० दिनका लागि अनुदानको व्यवस्था गरेको छ । पालिका अन्तर्गत संचालित १८ वटा विद्यालय (धार्मिक विद्यालय समेत) लाई नगरपालिकाले भौ. नं. ३४-०७९।८।८ बाट रु.२०,४३,०००, भौ. नं. ४१-०७९।८।२७ बाट रु.९,१३,५००, भौ. नं. १९३-०८०।३।१८ बाट रु.२१,१२,०५० र भौ.नं.२०८-०८०।३।२१ बाट रु.२,०८,४८० तथा पेश्की निकासा भनेर भौ.नं. ६५-०७९।११।१८ बाट रु.२०,०७,३०० गरी जम्मा रु.७२,८४,३३० निकासा दिएको छ ।यस सन्दर्भमा देहायका व्यहोरा देखियोः

५५.१ दिवा खाजाको मापदण्ड, गुणस्तर र व्यवस्थापन सम्बन्धि कार्य कार्यान्वयन पुस्तिको अनुसूची ४, दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका,२०७६ र विद्यालय दिवा खाजा व्यवस्थापन सहयोगी पुस्तिका २०७७ अनुसार प्रत्येक विद्यालयले दैनिक आवश्यकताको ३०% पोषण दिवा खाजाबाट प्राप्त हुने गरी विद्यालयले खाजा खुवाउनुपर्ने व्यवस्थाको पूर्ण परिपालान नभएकोले पालिकाद्धारा उक्त कार्यको अनुगमन गरी खाजाको गुण्स्तरीयता लगायतका मापदण्डको पूर्ण पालन गराउने तर्फ ध्यान दिनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

५५.२ नगरपालिका अन्तर्गत संचालित १८ वटा विद्यालययहरुमध्ये नमुना छनौटको आधारमा स्रेस्ता परीक्षण गर्दा विद्यालयहरुले वास्तविक उपस्थित विद्यार्थी संख्याभन्दा IEMIS मा बढी संख्या देखाइ अनुदान लिएको पाइयो ।साथै सक्कल दैनिक विद्यार्थी उपस्थिती हाजिरको प्रतिलिपि पेश गर्नुपर्नेमा छुटै फर्मेट बनाई विद्यार्थीको उपस्थिती हाजिरी फोटोकोपि पेश गर्नुका साथै वि.व्य.स. र प्र.अ. द्वारा प्रमाणित गरेको पाइएन ।शिक्षा शाखाले दिएको जानकारी अनुसार बाल विकासको विद्यार्थी र पुस्तक वित्तरण गरेको संख्या नै वास्तविक विद्यार्थी संख्या भएकोले सोको आधारमा दिवा खाजा निकासा परीक्षण गर्दा देहायका विद्यालयहरूलाई बढी निकासा भएको देखिन्छ । बढि निकासा भएको विद्यालयहरूबाट रकम असुल गरी संघीय खातामा राजस्व दाखिला गर्नुपर्ने रु.

| **क्र.सं.** | **विद्यालयको नाम** | **बढी निकासा रकम** |
|---|---|---|
| १ | माध्यमिक विद्यलाय, बसबिट्टी | २८१४३० |
| २ | जनजागृती आधारभुत विद्यालय, सहसौल | ५०४०० |
| ३ | श्री जनता आधारभुत विद्यालय, सहसौल | २००८८० |
| | **जम्मा रकम** | **५३२710** |

बाँकी विद्यालयहरुको पनि पालिकाद्धारा दिवा खाजा अनुदान रकमको सदुपयोग वारे अनुगमन गरी यथार्थताको यकिन गर्नुपर्दछ ।

| असुल गर्नुपर्ने | ५,३२,७१० |
|---|---|

५५.३ नगरपालिकाले भौ.नं.६५-०७९।११।१८ बाट रु.२०,०७,३०० देहायका ६ वटा विद्यालयलाई पेश्की निकासा दिएको र सोको स्रेस्ता अन्तिम लेखापरीक्षणमा पेश नभएकोले नियमानुसार दिवाखाजाको पेश्कीको रकम फर्छ्यौट गर्नुपर्ने रु.

| **क्र.सं.** | **विद्यालयको नाम** | **पेश्की रकम** |
|---|---|---|
| 1. | माध्यमिक विद्यालय बसबिट्टी | ५२५००० |
| 2. | राष्ट्रिय माध्यमिक विद्यालय हरिहरपुर विर्ता | २७९००० |
| 3. | जनता दलित प्राथमिक विद्यलाय हरिनमरी | ११२५०० |
| 4. | जनता आधरभुत विद्यालय दोलाठी | ३६०००० |
| 5. | बालज्ञान आधारभुत विद्यालय गोठ बनौली | २६१००० |
| 6. | दोरिक जनता आधारभुत विद्यालय गठबनौली | ४६९८०० |
| | **जम्मा रकम** | **२००७३००** |

| | |
|---|---|
| पेश्की | २०,०७,३०० |

५६ **कार्यसम्पादनमा आधारित अनुदान** - कार्यक्रम कार्यान्वयन पुस्तिका क्रियाकलाप नं. २.७.१३.१३ को बूँदा नं. ९.२ मा तोकिएको सूचकाङ्कको आधारमा कार्य सम्पादन सम्पन्न गर्ने विद्यालयलाई कार्यसम्पादनमा आधारित अनुदानको लागि विद्यालय अनुदान व्यवस्थापन निर्देशिका,२०७४ मा उल्लेखित कार्य सम्पादन मूल्याङ्कन सूचकका आधारमा विद्यालयलाई प्रास्ताव पेश गर्न लगाउने र त्यसको कार्यसम्पादन स्तरको मूल्याङ्कन गरी प्रति विद्यालय रु.५० हजारको दरले अनुदान दिने व्यवस्था छ ।अनुदान दिनपूर्व विद्यालयले शिक्षण सिकाइ समय कार्यान्वनय कार्याविधि,२०७४ लागु गरेको सुनिश्चितता हुनुपर्ने र शिक्षा तथा खेलकुद शाखा प्रमुखको संयोजकत्वमा विद्यालयका प्र.अ. र आर्थिक शाखाको प्रतिनिधित्व हुने ५ सदस्यीय प्रस्ताव मूल्याङ्कन समिति गठन गरी सो समितिले निर्धारण गरेको

कार्यविधि अनुसार अनुदान रकम खर्च गर्नुपर्नेमा देहायका विद्यालयले समिति गठन नगरेको तथा उपरोक्त निर्देशन बमोजिम खर्च नगरेकोले अनुदान रकम असुल गरी राजस्व दाखिला गर्नुपर्ने रु.

| **क्र.सं.** | **विद्यालयको नाम** | **अनुदान रकम** |
|---|---|---|
| १ | माध्यमिक विद्यालय बसबिट्टी | ५०००० |
| २ | जनता आधारभुत विद्यालय दोलाट्टी | ५०००० |
| ३ | दोरिक जनता माध्यमिक विद्यालय गोठबनौली | ५०००० |
| | **जम्मा रकम** | **१५००००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,५०,००० |

५७ **शिक्षक अभिलेख -** नगरपालिका कार्यालयले पालिकाभित्र रहेका विद्यालयहरुको स्वीकृत दरवन्दी (राहत, करार समेत) विद्यालयमा शिक्षक अवस्था, सरुवाको विवरण, अवकाश विवरण तयार नगरेकोले निकासा भएको रकम वास्तविक भए/नभएको भिडान गर्न सकिएन। त्यसैगरी कार्यालयले प्रमाणित र परीक्षण नभएको सफ्टवेयर सिष्टम प्रयोग गरि माग फारम वेगरको तलव रुजु नगरी निकासा दिएको देखिदा निकासा भएको तलव पूर्ण रुपमा भरपर्दो छ भन्न सकिएन। तसर्थ शिक्षक सरुवा, अवकाश भए पश्चात पनि रकम निकासा नभएको विश्वस्त हुने गरी अभिलेख तयार गरी खर्चलाई प्रभावकारी बनाउनु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५८ **प्राविधिक धारका विद्यालयलाई अनुदान -** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं. २.७.१३.५० मा प्रति विद्यार्थी लागका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थाका लागि विद्यालयलाई अनुदान शिर्षकको बूँदा नं. २.६ मा प्राविधिक धार सञ्चालित कक्षा (९-१२) सम्म चलेका विद्यालयलाई शिक्षण सिकाइ सामग्री तथा Lab assistant, Equipment and Practical Materials व्यवस्थापनको लागि प्रति विद्यार्थी रू.१५,००० अनुदान दिने व्यवस्था छ ।यस सम्बन्धमा स्थानीय तहले अनुदान वित्तरण गर्नुपूर्व साविकको शिक्षा विभाग तथा हालको शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्राविधिक धार सञ्चालन अनुदान प्राप्त गर्ने निर्णय भएका अनुसूची ११ मा उल्लेखित विद्यालयहरू तोकिएको मापदण्ड अनुसार सञ्चालन भए नभएको अनुगमन गर्ने । यस प्रकृतिका विद्यालयमा अध्ययनरत कक्षा ९-१२ सम्मका विद्यार्थी सङ्ख्या यकिन गरी शिक्षण सिकाइ सामग्री,

ल्याव असिष्टेण्टका लागि पारिश्रमिक, उपकरण तथा प्रयोगात्मक सामग्री व्यवस्थापन तथा व्यवहारिक अभ्यासका लागि प्रति विद्यार्थी रू. १५,०००/- का दरले हुन आउने रकम एकमुष्ट रूपमा विद्यालयलाई अनुदान दिने व्यवस्था रहेकोमा नगरपालिकाले बाली विज्ञान धारको लागि भौ.नं. १६७-०८०।३।३ बाट श्री महेन्द्र माध्यमिक विद्यालय रामगोपालपुरलाई रु.१०,२२,८८२ र ल्याब असिस्टेन्ट नियुक्तीको लागि छुट्टै भौचरबाट रु.२,९७,११८ गरी कुल रु.१३,२०,००० निकासा दिएको छ । यस सम्बन्धमा देखिएको व्यहोरा देहायनुसार छन्-

५८.१ कार्यान्वयन पुस्तिका अनुसार OJT वापतको कक्षा ९-११ सम्म ३ महिना र १२ लाई ६ महिनाको लागि प्रति विद्यार्थी रु.१००० का दरले OJT अभ्यासको लागि विद्यार्थीको बैङ्क खातामा रकम उपलब्ध गराउनुपर्नेमा श्री महेन्द्र मा.वि.ले नगद बाँडी भरपाई गरेकोले निर्देशनको पालना भएको छैन ।तसर्थ, विद्यालयले OJT अभ्यासको लागि दिने रकम कार्यक्रम पुस्तिकाको निर्देशन बमोजिम विद्यार्थीको बैङ्क खातामा रकम उपलब्ध गराउनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५८.२ श्रेस्ता परीक्षण गर्दा नियमानुसार प्राविधिक धारको विद्यार्थीको लागि प्रा.वि. तृतीय तहको सेवा सुविधा दिने एक जना ल्याव असिस्टेन्ट नियुक्ती गर्नुपर्ने व्यवस्था रहेकोमा विद्यालयले अशोक कुमार यादवलाई नियुक्त गरी रु.४६१७२३ भुक्तानी दिएको खर्च देखाए पनि श्रेस्ता परीक्षण गर्दा निजलाई मासिक रु.३१११५ का दरले १३ महिनाको जम्मा रु.४,०४,४९५ मात्र भुक्तानी भएको देखिन्छ ।ल्याब असिस्टेन्टको तलबमा बढी खर्च लेखेकोले पालिकाद्वारा यसको यथार्थ छानविन गरी विद्यालयबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५७,२२८ |

५८.३ सम्बन्धित विद्यालयका प्रशिक्षकहरूबाट आन्तरिक अनुगमन सहजीकरणको लागि बढीमा ३ महिनाका लागि १ पटक, ६ महिनाका लागि ३ पटक गर्नुपर्नेमा सो नभएको । व्यावहारिक अभ्यासका लागि निर्धारित ढाँचा अनुसार वर्षमा एकपटक बाह्य अनुगमन मूल्याङ्कन गर्नुपर्नेमा सो पनि नभएको ।साथै विद्यालयले कार्यक्रम पुस्तिकाको मापदण्ड विपरित रु.२,००,०० मा Dell कम्पनीको दुई थान ल्यापटप खरिद गरेको नियम विपरित भएको रु.

| | |
|---|---|
| अनियमित भएको | २,००,००० |

५९ **पाठ्यपुस्तक वित्तरण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७६ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बील भर्पाइ, प्रमाण र कागजात संलग्न

हुनु पर्दछ ।रामगोपालपुर नगरपालिका अन्तनर्गत सञ्चालित धार्मिक विद्यालय सहित १८ वटा सामुदायिक विद्यालयलाई आर्थिक वर्ष २०७९।८० मा पाठ्यपुस्तक वित्तरण गर्न भौ.नं.१०३-०७९।१२।२९ बाट रु.४०,६६,६६५ र भौ.नं.१८३-०८०।३।१३ बाट रु.१३,०९,२२८ गरी जम्मा रु.५३,७५,९२३ निकासा भएको छ ।कार्यान्वयन पुस्तिका अनुसार विद्यालयले प्रमाण/भरपाई पेश गर्दा वि.व्य.स. र प्र.अ. द्वारा प्रमाणित गरेर मात्र पेश गर्नुपर्ने व्यवस्था छ ।स्रेस्ता परीक्षण गर्दा विद्यालयद्वरा पेश गरिएको पाठ्यपुस्तक वित्तरणको भरापई प्रमाणित नभएको, ठाउँ-ठाउँमा केरमेट भएको, मेटिएको साथै Iemis र पाठ्यपुस्तक वित्तरणको विद्यार्थी संख्यामा फरक पाइएकोले उक्त भरपाई यथार्थ भएकोमा यकिन गर्न सकिएन्।तसर्थ, नगर शिक्षा समितिले पाठ्यपुस्तक वित्तरण सम्बन्धमा विद्यालयगत अनुगमन तथा छानविन गरी वित्तरण गरे नगरेको यकिन गरी पालिकामा प्रतिवेदन पेश गर्नुपर्दछ।साथै वास्तविक विद्यार्थी संख्याभन्दा बढी निकासा भएको भए असुल गरी राजस्व दाखिला गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६० **शुन्य शिक्षक अनुदान -** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९/८० को क्रियाकलाप नं. २.७.१३.४० र २.७.१३.४१ मा क्रमशः कक्षा (९-१०) र (६-८) का लागि बजेटको परिधिभित्र रहि शुन्य दरबन्दी भएका विद्यालयलाई न्यूनतम २ र १ दरबन्दी भएकालाई १ थप गरी न्यूनतम २ शिक्षकको लागि माध्यमिक तहको मासिक रु.३७,९९० का दरले र आधारभुत तहको मासिक रु.३०,२०० का दरले १२ महिनाको तलब अनुदान दिने व्यवस्था छ । नगरपालिकाले राष्ट्रिय माध्यमिक विद्यालय हरिहरपुरविर्ता लाई रु.५,११,६१६ अनुदान निकासा दिएकोमा विद्यालयले मा.वि. अङ्ग्रेजीको लागि शिक्षक संजय कुमार साहलाई २०७९।५।१ मा र मा.वि. गणितको लागि विवेक कुमार झालाई नियुक्त गरी तलब भुक्तानी दिएको छ ।स्रेस्ता परीक्षण गर्दा निजहरुको हाजिरी दुई महिनाको मात्र पेश भएकोले पालिकाद्वारा अनुदान वापत शिक्षक नियुक्त गरे नगरेको अनुगमन गरी आश्वस्त भएपछिमात्र उपर्युक्त शिर्षकमा अनुदान निकाशा दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६१ **विद्यालयको लेखापरीक्षण प्रतिवेदन -** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९/८० को क्रियाकलाप नं २.७.१३.१० मा विद्यालया सञ्चालन तथा व्यवस्थापन अनुदान अन्तर्गत विद्यालयहरुको आर्थिक लेखापरीक्षण गराउनको लागि आधारभुत तह सञ्चालित विद्यालयलाई रु १०००० र माध्यमिक तह सञ्चालित विद्यालयहरुलाई रु.१५००० अनुदान दिने व्यवस्था छ । पालिका अन्तर्गत सञ्चालित १८ वटा सामुदायिक विद्यालयहरुलाई लेखापरीक्षण बापतको रु.१९५००० रकम भुक्तानी दिए पनि कुनै पनि विद्यालयले अन्तिम लेखापरीक्षणको दिनसम्म पनि आर्थिक तथा सामाजिक लेखापरीक्षण गराएको पाइएन । विद्यालयहरुको आय व्ययको आन्तरिक लेखापरीक्षण समयमै गराएर पालिकाको कार्यालयमा प्रतिवेदन पेश गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६२ **नमुना विद्यालय भौतिक संरचना अनुदान -** शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं. ११.१.२.४४५ मा केन्द्रबाट छनोट भएका नमुना विद्यालयको क्रमगत भवन निर्माणको लागि प्रति विद्यालय रु.५० लाख देखि रु. १ करोडसम्म अनुदान दिने व्यवस्था छ ।सोहि क्रियाकलापको बूँदा नं.८.२ मा लागत अनुमान स्वीकृत गर्ने, विद्यालय र स्थानीय तहबिच सम्झौता गरी आर्थिक वर्षको जेष्ठ मसान्तमा काम सम्पन्न गरी असार १५ सम्ममा कार्य सम्पन्न प्रतिवेदन तयार तथा प्रमाणित गरी स्थानीय तहमा पेश गर्नुपर्ने व्यवस्था छ ।नगरपालिकाले नमुना विद्यालय भौतिक संरचना अनुदान अन्तर्गत नमुना विद्यालय श्री महेन्द्र राष्ट्रिय माध्यमिक विद्यालयलाई भौ.नं.४८-०८०।३।२४ बाट रु.७३,००,००० र भौ.नं.४९-०८०।३।२४ बाट रु.२७,००,००० गरी रु.१ करोड निकासा दिएकोमा विद्यालयले अन्तिम लेखापरीक्षणको अवधिसम्म पनि कार्य सम्पन्न गरेको छैन्।उपरोक्त निर्देशन अनुसार पालिकाले अनुदानको सहि तवरले सदुपयोग गर्दै प्राविधिकद्वारा प्रमाणित गराएको भवन निर्माणको कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,००,००,००० |

६३ **नमुना विद्यालय शैक्षिक तथा व्यवस्थापकीय अनुदान -** कार्यक्रम कार्यान्वयन पुस्तिका क्रियाकलाप नं. २.७.१३.१३ अनुसार नमूना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयनका लागि कार्यसम्पादनमा आधारित कार्यक्रमको अनुसूची १० को खण्ड "क" "ख" र "ग" मा उल्लेखित स्वीकृत गुरुयोजनाका आधारमा प्रति विद्यालय ३० लाख देखि ५० लाख सम्म अनुदान दिने व्यवस्था छ । नगरपालिकाले भौ.नं.२४४-०८०।३।४ बाट श्री महेन्द्र माध्यमिक विद्यालयलाई रु.५० लाख निकासा दिएको छ ।सोहि क्रियाकलापको बूँदा नं. ९.१२ अनुसार नमूना विद्यालयले नमूना विद्यालय विकास एवम् सञ्चालन निर्देशिका,२०७४(संशोधनसहित) मा उल्लेखित तत्कालिन रुपमा शैक्षिक सुधार हुने क्रियाकलापहरु निर्धारण गरी शैक्षिक पूर्वाधारहरु, छात्रवास व्यवस्थापन, शैक्षिक सुशासनका न्यूनतम सर्त पुरा गर्ने लगायतका कार्यक्रमहरु गर्न भौतिक पूर्वाधार विकासका लागि विनियोजित बजेटको कार्य प्रगतिसहित आवश्यक बजेटसहितको प्रस्ताव विद्यालयबाट पेश गर्न लगाउने र यस आर्थिक वर्षमा सम्पादन गर्ने कार्यक्रम निर्धारण गरी स्थानीय तह र विद्यालयबिच सम्झौता गरी अनुदान उपलब्ध गराउनु पर्दछ ।विद्यालयले सम्झौता अनुरुप काम गरे नगरेको नियमित अनुगमन गरी कार्य प्रगति केन्द्रमा पठाउनुपर्नेमा विद्यालयले अन्तिम लेखापरीक्षणको अवधिसम्म पनि अनुरदान रकम खर्च गरेको बिल भरपाई पालिकामा पेश गरेको छैन्।तसर्थ नमुना विद्यालय श्री महेन्द्र माध्यमिक विद्यालयले शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयनका लागि पाएको अनुदानको उपरोक्ता नियमानुसार खर्च गरेको स्रेस्ता/प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५०,००,००० |

६४ **सामुदायिक सिकाई केन्द्रलाई अनुदान -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७६ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बील भर्पाइ, प्रमाण र कागजात संलग्न हुनु पर्दछ ।नगरपालिकाले नगर शिक्षा समितिको निर्णय अनुसार साक्षर नेपाल अभियान

सञ्चालनका लागि देहायका सामुदायिक सिकाई केन्द्रलाई भौ.नं.२४७-०८०।३।२४ बाट साझेदारीमा आधारित प्रोत्साहन अनुदान स्वरुप रु.१०,००,००० निकासा दिएकोमा अन्तिम लेखापरीक्षणको अवधिसम्म पनि सिकाई केन्द्रहरुले कार्यक्रम सञ्चालन नगरेकोले ती अनुदान रकम असुल गरी संघीय खातामा दाखिला गर्नुपर्ने रु.

| **क्र.सं.** | **सिकाई केन्द्र** | **अनुदान रकम** |
|---|---|---|
| १ | मालती माँ सामुदायिक अध्ययन केन्द्र, हरिनमरी | ५००००० |
| २ | जनकल्याण सामुदायिक सिकाई केन्द्र, बसबिट्टी | ५००००० |
| | **जम्मा रकम** | **१००००००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,००,००० |

६५ **छात्रवृती वितरण -** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं ७.२.१.१ अनुसार सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रवृतीको व्यवस्था छ । नगरपालिकाले १८ वटा विद्यालयकोमध्ये नमुना छनौटको आधारमा श्रेस्ता परीक्षण गर्दा देहायका विद्यालयलाई वित्तरण भन्दा बढी निकासा भएकोले बढी रकम असुल गर्नुपर्ने रु.

| **क्र.सं.** | **विद्यलायको नाम** | **बढी निकासा** |
|---|---|---|
| १ | श्री राष्ट्रिय माध्यमिक विद्यालय विर्ता | १२००० |
| २ | श्री माध्यमिक विद्यालय बसबिट्टी वसन्तपुर | ७४००० |
| ३ | श्री जनता आधारभुत विद्यालय सहसौल | ११३०० |
| | **जम्मा रकम** | **९७३००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९७,३०० |

६६ **विद्यालय निकासा रजिष्टर -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठिक र विश्वसनिय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनुपर्ने उल्लेख छ । कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको विवरणको स्पष्ट विवरण खुल्ने गरी यथार्थ विवरण राख्नुपर्नेमा निकासा अभिलेख राखेको छैन । जसवाट वास्तविक रुपमा निकासा दिनुपर्ने र भुक्तानी दिएको बारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकोले विद्यालयगत निकासा रजिष्टर बाता अद्यावधिक राख्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

६७ **न्यानो झोल खरिद -** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७८।७९ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शन, २०७८ को दफा १३ (पृष्ठ १५९) मा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरूले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । नगरपालिकाले यस वर्ष पालिका अन्तर्गत सञ्चालित बर्थिङ्ग सेन्टरको लागि भौ.नं. २४२-२०८०।३।२४ बाट हिमालयन मेडिसिन डिस्ट्रिब्युटर्स (६०४९४६८७२) बाट ४०० थान न्यानो झोला रु.९९८.९२ का दरले खरिद गरी रु.३,९९,५६८ भुक्तानी दिएको छ। खरिद भएका झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन ।अन्तिम लेखापरीक्षणको अवधिसम्म पनि उक्त झोलाहरु भण्डारमा मौज्दात रहेको पाइयो । साथै पुराना तथा केहि नयाँ झोला आपूर्ती भैसकेपछि अस्पतालहरुले यकिन गर्नुपर्नेमा सो नभएको पाइयो । एक आर्थिक वर्षमा खरिदको लागत अनुमान तयार गरेर मात्र खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा समेत हास आउँने हुनाले पालिकाले माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय न्यानो झोला खरिद गर्नेतर्फ ध्यान दिनुपर्छ ।

सैद्धान्तिक बेरुजु

६८ **औषधि खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १ (क) मा बिस लाख रुपैयाँ सम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रियस्तरको समाचारपत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। नगरपालिकाले ४६ प्रकारको औषधिद खरिको लागि मिति २०७९।४।२१ मा राजधानी दैनिकममा औषधि तथा सर्जिकल सामानहरुको लागि तीन वटा सप्लायर्सबाट दररेट माग गरी कोटेशन प्रणालिबाट विभुम मेडिसिन सप्लायर्स नयाँ बजार काठमान्डौ (१२१९९८२२२) बाट खरिद गरी भौ.नं.८०-०७९।१२।५ बाट रु.२१,३९,७३२ भुक्तानी दिएको छ । साथै साहस मेडिसिन सप्लायर्स (६१२०७७९९३) सँग १९ प्रकारका औषधि खरिद गरी भौ.नं.२४५-०८०।३।२४ बाट रु.५,३५,८८२ भुक्तानी दिएको छ । यस सम्बन्धी देखिएको अन्य व्यहोराहरु निम्नानुसार छनः

- औषधी खरिद गर्दा आवश्यकता विष्लेषण गरेको र खरिद योजना बनाएको देखिएन। आवश्यकताको आधारमा परिमाण एकिन नगरी खरिद गर्दा अनावश्यक रुपमा खरिद भई मौज्दात रहने तथा सही समयमा उपयोग नहुने स्थिति तर्फ पालिकाको ध्यान जानु पर्दछ।
- पालिकाले खरिद गरेको औषधि elmis मा प्रविष्टि गरेको छैन्। औषधि वा औषधिजन्य सामग्रीको खरिद गर्दा अनिवार्य रुपमा elmis प्रविष्टि गर्नुपदर्छ ।
- पालिकाले स्वास्थ्यसँग प्रत्यक्ष सरोकार राख्ने औषधिजन्य वस्तुहरुको खरिद गर्दा गुणस्तरीयताको प्रमाणिकतालाई विशेष ध्यान दिनुपर्दछ।
- औषधिको म्याद समाप्त मिति खुलाई उल्लेख गर्नुपर्ने र न्युनतम १८ महिना म्याद अवधि बाँकी रहनुपर्ने कानूनी व्यवस्था रहेकामा सो विषय सम्झौतामा उल्लेख नगरेको, औषधीको आपूर्ति पछि भुक्तानी अघि गुणस्तर र स्पेशिफिकेसन अनुसारको सामान भए नभएको मूल्याङ्कन समितको प्रतिवेदनको आधारमा यकिन गरी भुक्तानी दिनुपर्नेमा खरिद सम्झौतामै गुणस्तर र स्पेशिफिकेसन नतोकिएकोले गुणस्तर परीक्षण सम्बन्धी कार्य भएको देखिएन। मानवजन्य स्वावस्थयसँग गम्भीर सरोकार राख्ने औषधी आपूर्ती जस्तो विषयलाई गौण ठानी खरिद कार्य गर्नु उचित देखिएन । यस्तो खरिद कार्यमा सुधार हुनुपर्दछ ।
- निःशुल्क वित्तरणको लागि भनी औषधीको प्रत्येक स्ट्रिपमा उल्लेख गरी कारोवार गरेको छैन। आपूर्ति भएका औषधी एवंम् सर्जिकल समान स्टोर दाखिला हुनु अघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन। औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको ।

• औषधिको खर्च घटाउदा माग फारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको छ। औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुनेगरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी मागको आधारमा स्वास्थ्य चौकीहरुमा हस्तान्तरण गरेको प्रमाणको आधारमा खर्च घटाउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

६९ **बृहत पोषण कार्यक्रम -** पोषण सुधारको विपन्न समुदायका महिला समुह वा सहकारीहरूलाई विभिन्न सदस्यहरूको आयआर्जन सुधार कार्यक्र अन्तर्गत नगरपालिकाले सहयोगी परिवार समुहलाई भौ.नं.२३२-०८०।३।२४ बाट एकमुष्ट रु.६५०००० भुक्तानी दिएको छ ।स्रेस्ता परीक्षण गर्दा नगरपालिकाले सहयोगी परिवार समुहसँग सम्झौता गरेको छैन्।समुहका २५ जनालाई जनही रु. २५ हजारका दरले वित्तरण गरेको भरपाई पेश गरे पनि महिला सहकारी तथा समुहमा बहुक्षेत्रीय पोषण सम्बन्धी आयमूलक

कार्यक्रम सञ्चालन कार्यविधि,२०७७ को दफा १४ अनुसार ३० दिनभित्र व्यवसायिक योजना बमोजिम काम सञ्चालन नगरेमा अनुदान रकम स्थानीय तहमा फिर्ता गर्नुपर्न व्यवस्था छ । समुहले काम सुरू गरे नगरेको सम्बन्धमा पालिकाले अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्नेमा पालिकाद्वारा अनुदान निकासा पछि अनुगमन गरेको पाइएन्। सहयोगी परिवार समुहले कार्यविधि बमोजिम काम गरे नगरेको छानविन गरी कार्य सञ्चालन नगरेको खण्डमा नियमानुसार रकम असुल गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

७० **पकेट विकास कार्यक्रम -** प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना,२०७७ को परिच्छेद ७ अन्तर्गत पकेट विकास कार्यक्रमको लागि साना सिंचाई पूर्वाधारमा बढीमा ८५ प्रतिशत अनुदान उपलब्ध गराउने व्यवस्था छ ।पालिकाले तरकारी बालिको लागि २०७७।७८ बाट निरन्तरता पाएको आतिभ कृषक समुहलाई आ.व.२०७९।८० मा सिंचाई पूर्वाधारको लागि शतप्रतिशत दिने गरी न्यू शिवम् सप्लायर्स (६०७७७४८२३) बाट रु.१०८७४५ को सामग्री खरिदको बिजक पेश गरेकोमा पालिकाले भौ.नं.२३१-०८०।३।२३ बाट भुक्तानी दिएको छ। स्रेस्ता परीक्षण गर्दा पालिकाले भौ.नं.२३०-०८०।३।२३ बाट आतिभ कृषक समुहलाई गीता एग्रोइन्टरप्राइजेज (३०१९१२७१२) बाट खरिद गरेको रु.२,२२,३०० को सामग्रीको भरपाई पुनःपेश गरी भुक्तानी दिएकोले एउटै सामानको दुईपटक भरपाई पेश गरी भुक्तानी लिएको देखिन्छ । आतिभ कृषक समुहले भौ.नं.२३० र २३१ मा खरिद गरेको सामग्रीको एउटै कृषकलाई वित्तरण गरेको भरपाई दुईपटक पेश गरी दोहोरो अनुदान लिएको साथै सिंचाईको सामग्री खरिद गरी जडान गरेको यकिन हुन नसकेकोले यसको छानविन गरी भौ.नै.२३१ बाट भएको भुक्तानी आतिभ कृषक समुहबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,०८,७४५ |

७१ **सुरक्षित नागरिक आवास -** सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि,२०७५ को नियम ५ अनुसार पहिलो किस्ताको लागि आ.व. २०७८।७९ मा १६२ जना लाई प्रति लाभग्राही रु.३०,००० का दरले भुक्तानी दिनुपर्नेमा ७६ जनाले पहिलो किस्ता भुक्तानी नलिएकोले जम्मा ८६ जनालाई रू.२५,८०,००० लाभग्राहिको खातामा रकम निकाशा भएको छ। नगरपालिकाले दोस्रो किस्ताको लागि आ.व. २०७९।८० मा प्रति लाभग्राही रु.२०,००० का दरले १९ जनालाई रु.३,८०,००० निकासा दिएको छ साथै आ.व.२०७९।८० मा थप ११० जनालाई रु.३०००० का दरले रु.३३,००,००० भुक्तानी दिएको छ । कार्यविधिको नियम ७ अनुसार स्थानीय तहको प्राविधिकबाट अनुसूची ३ बमोजिमको प्रतिवेदन पेश भई स्थानीय तहले प्रमाणित गरेपछि निर्माण कार्य सम्पन्न हुने व्यवस्था छ ।पालिकाको प्राविधिकद्वारा आ.व. २०७८।७९ का १६२ जना लाभग्राहीमध्ये आर्थिक वर्ष २०७९।८० मा जम्मा १९ जनाले काम सम्पन्न गरेको प्रमाणित भएपनि ६७ जनाले पहिलो किस्ता वापत रु.३०,००० का दरले लगेको तर काम गरेको पाइएन । कार्यविधिको नियम ६ मा किस्ता बमोजिमको गर्नुपर्ने कार्य प्रगति अनुदान उपलब्ध गराईएको मितिले तीन महिना भित्र नगरेमा लाभग्राहीबाट अनुदान रकम स्थानीय तहले असूल उपर गर्नुपर्ने व्यवस्था छ ।तसर्थ, आ.व. २०७८।७९

मा ६७ जनाले प्रथम किस्ता वापत रु.३०,००० का दरले लगेको तर नियमानुसार तोकिएको समयमा काम नगरेकोले निजबाट पहिलो किस्ताको रकम असुल गर्नुपर्ने रु.

| **क्र.सं.** | **भुक्तानीपाउनेको विवरण** | **भुक्तानीरकम प्रथम किस्ता** |
|---|---|---|
| 1. | फुरसैदकवारी | ३०००० |
| 2. | उमेश कवारीराईन | ३०००० |
| 3. | शिव कुमारीदेवी मण्डल | ३०००० |
| 4. | रामचन्द्रराम | ३०००० |
| 5. | जगदिसमण्डल | ३०००० |
| 6. | नगिना देवी | ३०००० |
| 7. | नवल किशोरठाकुर | ३०००० |
| 8. | प्रमिलादेवी | ३०००० |
| 9. | रंजितमण्डल | ३०००० |
| 10. | राजकरणमहतो | ३०००० |
| 11. | राम देवखत्वे | ३०००० |
| 12. | राम ध्यानमण्डल | ३०००० |
| 13. | राम नारायणमण्डल | ३०००० |

| | | |
|---|---|---|
| 14. | राम भजनमण्डल | ३०००० |
| 15. | रिंकु देवीमण्डल | ३०००० |
| 16. | सिंगताकुमारी | ३०००० |
| 17. | सत्रोहनठाकुर | ३०००० |
| 18. | सबुल नदाफ | ३०००० |
| 19. | सोगरथमण्डल | ३०००० |
| 20. | सोमन साहकानु | ३०००० |
| 21. | अकबर कवारी | ३०००० |
| 22. | अफसानाखातुन | ३०००० |
| 23. | आशारामपण्डित | ३०००० |
| 24. | उर्मिलादेवी | ३०००० |
| 25. | किशोरीमण्डल | ३०००० |
| 26. | गोनु सहनी | ३०००० |
| 27. | चन्द्रदेवी | ३०००० |
| 28. | तंजिलाखातुन | ३०००० |

| | | |
|---|---|---|
| 29. | तेतरी देवी | ३०००० |
| 30. | तसलिमकवारी मुखिया | ३०००० |
| 31. | देवलक्ष्मी देवी ठाकुर | ३०००० |
| 32. | नजिमाखातुन | ३०००० |
| 33. | नरिन्जनकुमार मण्डल | ३०००० |
| 34. | बद्रीमण्डल | ३०००० |
| 35. | बलिरामपंडित | ३०००० |
| 36. | भगलु माझी | ३०००० |
| 37. | मकुन लालमण्डल | ३०००० |
| 38. | मोहितमण्डल | ३०००० |
| 39. | राजदेव साह | ३०००० |
| 40. | राजा राममंडल | ३०००० |
| 41. | राम चलितरमाझी | ३०००० |
| 42. | राम सिकिलदेवी | ३०००० |
| 43. | रामकरणसहनी | ३०००० |

| | | |
|---|---|---|
| 44. | रामदिनेशसाह | ३०००० |
| 45. | रामपृतबैठा | ३०००० |
| 46. | रोहितमण्डल | ३०००० |
| 47. | विनेशकुमार ठाकुर | ३०००० |
| 48. | श्रीचन मरर | ३०००० |
| 49. | सुखरामअंसारी | ३०००० |
| 50. | सतन मण्डल | ३०००० |
| 51. | सुनेयनादेवी | ३०००० |
| 52. | सैयन खातुन | ३०००० |
| 53. | सयिम कवाडी | ३०००० |
| 54. | सहरोखिदेवी | ३०००० |
| 55. | सियाराममण्डल | ३०००० |
| 56. | कमली देवी | ३०००० |
| 57. | कान्तीदेवी | ३०००० |
| 58. | गिता देवीमहरा | ३०००० |

| | | |
|---|---|---|
| 59. | नारायणसहनी | ३०००० |
| 60. | फुलमायादेवी | ३०००० |
| 61. | फुलो देवी | ३०००० |
| 62. | रामसुरतसहनी | ३०००० |
| 63. | लालबाबुठाकुर | ३०००० |
| 64. | वविता देवी | ३०००० |
| 65. | शिव शंकरचौधरी | ३०००० |
| 66. | शिवकलीदेवी | ३०००० |
| 67. | संगितादेवी | ३०००० |
| | **कुलजम्मा** | **२०१००००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २०,१०,००० |

७२ **स्यालो ट्युबेल जडान**

**.......** (मिति **२०८१-१-२३** मा **स्यालो ट्युबेल जडान** को **८२३,३१८** सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको)

७३ **रसिद नियन्त्रण खाता -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५१ मा ऐन वमोजिम राख्नुपर्ने प्रत्येक कारोवारको लेखा राख्नुपर्ने र आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्व नियमावली २०७७ मा कार्यालयको कामलाई व्यवस्थित एवं मितव्ययी गर्न आन्तरिक नियन्त्रण व्यवस्था मिलाउनुपर्ने उल्लेख छ । सोअनुसार नगद आम्दानी गर्ने कार्यालयले राजश्व असुल गर्न प्रयोग हुने मालपोत रसिद एवं नगदी रसिदको छपाई गरी रसिद नियन्त्रण खाता प्रविष्टि गरी सो बाट वुझेर लगेको

अभिलेख राखि रसिद नियन्त्रणलाई व्यवस्थित गर्नु पर्दछ । पालिकाले सो अनुसार व्यवस्थित तरिकाले रसिद नियन्त्रण खाता राखेको पाइएन । जसबाट २०७९ आषाढमा कति रसिद बाँकी थिए २०७९।०८० मा कति छपाई गरियो र सो अनुसार जम्मा रसिद ठेलिमा कुन कुन वडामा कति रसिद उपलव्ध गराईयो र जिन्सिमा कति ठेली बाँकी छन सो यकिन गर्न सक्ने आधार भएन । नगदी रसिद खाता प्रमाणित गरी नराखेको र सामान्य टिपोटमा यो वर्ष विभिन्न वडालाई रसिद वुझाएको उल्लेख गरेको छ । राजश्व असुलीमा प्रयोग हुने नगदी रसिदको नियन्त्रण खाता राखि प्रमाणित गर्ने व्यवस्था कार्यान्वयन गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

७४ **समयमा दाखिला -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २७ मा प्रचलित कानून बमोजिम प्राप्त हुने राजश्व सोही दिन र सोदिन सम्भव नभए सोको भोलिपल्ट बैंक दाखिला गर्नुपर्ने र उपदफा ४ बमोजिम ३ दिन भन्दा बढी ढिलो गरेमा १० प्रतिशत जरिवाना गरी असुल गर्ने व्यवस्था छ। नगरपालिका अन्तर्गतका वडा कार्यालयहरुले उठाउने राजश्व समयमा दाखिला नगरी ६ महिना वा वर्ष को अन्त्यमा मात्र दाखिला गर्ने गरेको र नगरेको पाइयो। प्रचलित ऐनले तोकेको अनुसार समयमानै राजश्व दाखिला नगरेकोले देहायका वडा सचिववाट १० प्रतिशत जरिवाना असुल गर्नुपर्ने रु

| वडा नं | वडा सचिवको नाम | राजश्व संकलन | जरिवाना रकम |
|---|---|---|---|
| २ | सुमित कुमार मण्डल | १८९६१० | १८९६१ |
| ३ | महेन्द्र मण्डल | ९१३६३ | ९१३६ |
| ४ | महेन्द्र मण्डल | ८७३७६ | ८७३७ |
| ५ | राजकुमार मण्डल | ८७४६९ | ८७४६ |
| ६ | राजकुमार मण्डल | २११९५८ | २११९५ |
| ७ | महेन्द्र मण्डल | ७१३९४ | ७१३९ |
| ८ | रामवाबु साह | ९८९०६ | ९८९० |

| | | | |
|---|---|---|---|
| | जम्मा | | ८३८०४ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८३,८०४ |

७५ **स्रेस्ता पेश नभएको -** पालिकाको आन्तरिक आय परीक्षण गर्दा वडा नम्बर १ का वडा सचिव रामबाबु साह र ९ का वडा सचिव सुमित कुमार भगतले लेखापरीक्षणको क्रममा वडामा राजश्व उठाउने नगदी तथा मालपोत ठेली तथा चलानी किताब पेश नगरेकोले कति राजश्व संकलन गरेको तथा कति दाखिला गरेको सम्वन्धी परिक्षण गर्न सकिएन। सो पालिकाले ति कर्मचारीहरुको तलब रोक्का गरी ठेली तथा चलानी किताब पेश गर्न लगाउने तथा उठाएको राजश्व दाखिला गराउने र यी कर्मचारीलाई जिम्मेवार बनाई विस्तृत छानबिन गर्नुपर्ने देखिन्छ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

७६ **घटी दाखिला -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २७ मा प्रचलित कानुन बमोजिम प्राप्त हुने राजश्व सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट बैंक दाखिला गर्नुपर्ने व्यवस्था छ। लेखापरीक्षणको क्रममा केही वडा असुली तथा दाखिला परीक्षण गर्दा वडा नम्बर ४, ३, ७ नगदी र मालपोत बाट यो वर्ष आम्दानी रु २५०१३३ भएकोमा आर्थिक वर्षको अन्त्यमा रु. ६०५२८ मात्र दाखिला गरेको नपुग रकम रु. १८९६०५ देहायका कर्मचारीबाट असुल गरी दाखिला गर्नुपर्ने रु

| वडा नं | बडा सचिव | प्रकार | उठाएको रु. | दाखिला रु. | घटि रकम |
|---|---|---|---|---|---|
| ३ | महेन्द्र मण्डल | नगदी र मालपोत | ९१३६३ | २२७०० | ६८६६३ |
| ४ | महेन्द्र मण्डल | नगदी र मालपोत | ८७३७६ | ३७८२८ | ४९५४८ |
| ७ | महेन्द्र मण्डल | नगदी र मालपोत | ७१३९४ | ० | ७१३९४ |
| | जम्मा | | | | १८९६०५ |

| | | असुल गर्नुपर्ने | १,८९,६०५ |
|---|---|---|---|

७७ **घटी असुली -** पालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक विधेयक, २०७९ मा अगीकृत नागरिकता सिफारिस, जग्गा दर्ता सिफारिस,नाम, उमेर, जन्ममिति सिफारिस, नाता प्रमाणित लगायत जस्ता सिफारिसको दस्तुर लिनुपर्ने व्यवस्था रहेको छ। रसीद नियन्त्रण खाता नभएकोले चलानी किताब र रसिद काटेको ठेली सँग भिडान गर्न गर्दा चलानी किताबमा सिपारिस संख्या र रसिद काटेको संख्या बढी मात्रामा फरक परेकोले विश्वस्त हुन नसकिएकोले चलानी किताबको अधारमा राजश्व संकलनको परीक्षण गर्दा देहायका वडा सचिवहरुले राजश्व संकलन गर्नुपर्नेमा घटी राजश्व असुल गरेको तथा दस्तुर लाग्ने सिफारिसमा दस्तुर नलीई तथा निःशुल्क सिफारिस गरेको देखिएकोले औषत दस्तुर रु १०० राखि मुल्याङ्कन गर्दा नपुग रु. ३४३२०० देहायका वडा सचिवहरु बाट असुल उपर गर्नुपर्ने रु

| वडा नं. | वडा सचिवको नाम | जम्म चलानी संख्या | दस्तुर लिएको सिफारिस संख्या | दस्तुर नलिएको सिफारिस संख्या | संकलन गर्नुपर्ने राजश्व | असुल गर्नुपर्ने राजश्व |
|---|---|---|---|---|---|---|
| २ | सुमित कुमार मण्डल | ५३८ | ७७ | ४३१ | ४३१०० | ४३१०० |
| # | महेन्द्र मण्डल | ५९७ | ४६ | ५५१ | ५५१०० | ५५१०० |
| $ | महेन्द्र मण्डल | ६५९ | ११७ | ५४२ | ५४२०० | ५४२०० |
| % | राजकुमार मण्डल | ३४९ | १३८ | २११ | २११०० | २११०० |
| ^ | राजकुमार मण्डल | ४१६ | २२५ | १९१ | १९१०० | १९१०० |
| & | महेन्द्र मण्डल | ८९२ | १४६ | ७४६ | ७४६०० | ७४६०० |
| * | रामबाबु साह | १००० | २४० | ७६० | ७६००० | ७६००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | ३४३२०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,४३,२०० |

७८ **व्यवसाय कर -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । पालिकाले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नूपर्नेमा व्यवसायीहरुको लगत मात्र राखेको कर रकम संकलन गरेको पाईएन । पालिकाले व्यक्तिगत स्वघोषणाका आधारमा मात्र व्यवसाय दर्ता र नविकरण गर्ने गरेको तथा व्यवसाय दर्ता नभएका व्यवसायहरुको अनुगमन गरेको पाईएन । पालिका क्षेत्र भित्रका व्यवसायीको अभिलेख अध्यावधिक गरी करको दायराभित्र ल्याउनु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

७९ **सम्पति कर -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा **५५** मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको घर र घर जग्गामा सम्पति कर लगाउने व्यवस्था गरिएको छ । आर्थिक बर्ष २०७९।८० मा पालिकाले कुनैपनि सम्पती कर संकलन गरेको पाइएन । यस पालिकाको क्षेत्रभित्र उठ्नुपर्ने एकिकृत सम्पती कर एकिन गरी असुल गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

८० **मनोरञ्जन कर:** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७९।८० मा पालिकाले कूनैपनि मनोरञ्जन कर संकलन गरेको पाईएन । यस पालीकाको क्षेत्रभित्र उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरि असुल गर्नुपर्दछ ।

**घर जग्गा बहाल कर:** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५७ मा गाउँपालिका वा नगरपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, ठहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बाहलमा दिएकोमा गाउँपालिका वा नगरपालिकाले त्यस्तो बाहल रकममा बाहल कर लगाउने व्यवस्था छ । आर्थिक बर्ष २०७९।८० मा पालिकाले कुनै पनि घर जग्गा बाहल कर संकलन गरेको पाइएन । यस पालिकाको क्षेत्रभित्र उठ्नु पर्ने घर जग्गा बाहल कर एकिन गरी असुल गर्नुपर्दछ ।

८१ **अन्य भत्ता -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता , मितव्ययिता, प्रभावकारीता, कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) अनुसार सरकारी खर्च भुक्तानी गर्दा रीत पुगे नपुगेको जाँच गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले नगर सभाको तयारी गर्ने कार्यमा देहायका कर्मचारीलाई रु १२४८५४ कर बाहेक भुक्तानी गरेको देखिन्छ। यी कर्मचारी रातमा पनि काम गरेको छ भने प्रमाण पेश नभएको तथा नगरसभा जस्ता कार्य नियमित हुने कार्यमा यस प्रकारको भत्ता दिन नमिल्नेमा भुक्तानी भएकोले भुक्तानी भएकोले यसरी भएको खर्च नियमित गर्नुपर्ने रु

| क्रस | कर्मचारीको नाम | अवधि | भुक्तानी रकम |
|---|---|---|---|
| १ | विनोद कुमार मण्डल | १ महिना | ५१०९५ |
| २ | नरेन्द्र कुमार यादव | १ महिना | ३१४८९ |
| ३ | दिलिप कुमार साह | १ महिना | २९५२० |
| ४ | अच्छेलाल दास | ३ दिन | ३८२५ |
| ५ | मनोज कुमार साह | ३ दिन | ३८२५ |
| ६ | रामकरण मण्डल | ३ दिन | २२५० |
| ७ | मो फिरोज आला | ३ दिन | २५५० |
| | जम्मा | | १२४८५४ |

| अनियमित भएको | १,२४,५५४ |
|---|---|

८२ **सञ्चार खर्च सुविधा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता , मितव्ययिता, प्रभावकारीता, कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा कर्मचारीलाई सञ्चार खर्च सुविधा पाउने व्यवस्था गरेको छैन् । सो देहायका कर्मचारीलाई देहायका दरमा प्रति महिना वापत भुक्तानी भएको रकम नियमित गर्नुपर्ने रु

| क्रम | कर्मचारीको नाम | प्रति महिना दर | जम्मा महिना | असुल गर्नुपर्ने रु |
|---|---|---|---|---|
| १ | विनोद कुमार मण्डल | ५००० | १२ | ६०००० |
| २ | नरेन्द्र कुमार यादव | २००० | १२ | २४००० |
| ३ | मुसलिम बैठा | २००० | १२ | २४००० |
| ४ | अच्छेलाल दास | २००० | १२ | २४००० |
| ५ | मनोज कुमार साह | २००० | १२ | २४००० |
| ६ | रामकरण मण्डल | २००० | १२ | २४००० |
| ७ | अरुण कुमार साह | २००० | १२ | २४००० |
| ८ | रामतलेवर | २००० | १२ | २४००० |
| | जम्मा | | | २२८००० |

| | |
|---|---|
| अनियमित भएको | २,२८,००० |

८३ **अनुगमन भत्ता -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता , मितव्ययिता, प्रभावकारीता, कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ। पालिकाले जिन्सी निरिक्षण सम्वन्धी कार्यका लागि देहायका कर्मचारीलाई अनुगमन भत्ता वापत कर बाहेक रु ९१८०० भुक्तानी गरेको देखिन्छ। पालिकाको नियमित कार्य गर्न तथा जिन्सी

निरिक्षण सम्वन्धी कार्यका लागि भत्ता दिन नमिल्नेमा देहायका कर्मचारीलाई भुक्तानी भएको रकम नियमित गर्नुपर्ने रु

| क्रस | नाम | अनुगमन संख्या | दर | भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | विनोद कुमार मण्डल | ८ | २००० | १३६०० |
| २ | सत्येन्द्र प्रसाद यादव | ८ | १५०० | १०२०० |
| ३ | मुसलिम बैठा | ८ | १५०० | १०२०० |
| ४ | अरुण कुमार साह | ८ | १५०० | १०२०० |
| ५ | रामकरण मण्डल | ८ | १५०० | १०२०० |
| ६ | नरेन्द्र कुमार यादव | ८ | १५०० | १०२०० |
| ७ | विजय चौरसिया | ८ | १५०० | १०२०० |
| ८ | दिलिप कुमार साह | ८ | १५०० | १०२०० |
| ९ | शोभित मण्डल | ८ | १००० | ६८०० |
| | जम्मा | | | ९१८०० |

| | |
|---|---|
| अनियमित भएको | ९१,८०० |

८४ **सोझै खरिद -** सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुनेगरी खरिद गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावलीको नियम ८५ मा एक आर्थिक वर्षमा एकै पटक वा पटकपटक गरी सो उपनियमहरुमा उल्लेखित सीमा भन्दा बढी रकमको सोझै खरिद गर्न नसक्ने व्यवस्था छ।पालिकाले यो बर्ष मसलन्द तथा कार्यालय सामाग्री, अन्य कार्यालय संचालन खर्च

अन्तर्गत विभिन्न सामाग्रीहरु सोझै खरिद गरी रु.५२९५२८५ खर्च लेखेको ।पालिकाले वार्षिक रुपमा आवश्यक सामाग्रीहरुको यथार्थ अनुमान तथा वार्षिक खरिद योजना निर्माण गरी प्रतिस्पर्धात्मक विधीबाट खरिद गर्नुपर्नेमा विभिन्न आपूर्तिकर्ताहरुबाट टुक्रा-टुक्रा पारी प्रतिस्पर्धात्मक वेगर सोझै खरिद गरेकोले खरिद प्रक्रिया नियम सम्मत नदेखिएको रु

**सोझै खरिदका केहि नमूनाहरु तपशिल बमोजिम रहेका छन्**

| गो.भौ.नं. मिति | आपूर्तिकर्ता | विवरण | रकम |
|---|---|---|---|
| १९५-०७९।०७।०५ | जानकी डेकोर एण्ड जेनरल अर्डर सप्लायर्स | मसलन्द तथा अन्य कार्यालय संचालन सामाग्री | २०२०४४ |
| ३९३-०७९।०९।१८ | शुभनित ट्रेड एण्ड सप्लायर्स | मसलन्द तथा अन्य कार्यालय संचालन सामाग्री | ८३९७६५ |
| ५५९-०७९।१२।०५ | प्रगति जेनरल सप्लायर्स | मसलन्द तथा अन्य कार्यालय संचालन सामाग्री | ९६०५९ |
| ५६१-०७९।१२।०५ | सोनम जेनरल अर्डर सप्लायर्स | मसलन्द तथा अन्य कार्यालय संचालन सामाग्री | ९८६६५ |
| ३१४-०७९।०८।२६ | अलवेज हरीदेव इन्टरप्राइजेज | मसलन्द तथा अन्य कार्यालय संचालन सामाग्री | ५८७१४८ |
| ३६९-०७९।०९।१४ | प्रगति जेनरल सप्लायर्स | मसलन्द तथा अन्य कार्यालय संचालन सामाग्री | १७२९९१ |
| ३७१-०७९।०९।१४ | प्रगति इन्टरप्राइजेज जलेश्वर | मसलन्द तथा अन्य कार्यालय संचालन सामाग्री | ९२३१५३ |

| | | | |
|---|---|---|---|
| ४१५-०७९।१०।०१ | राम जानकी फर्निचर उद्योग | मसलन्द तथा अन्य कार्यालय संचालन सामाग्री | १९४१५६ |
| ४१८-०७९।१०।०१ | निधी ट्रेडर्स एण्ड सप्लायर्स | मसलन्द तथा अन्य कार्यालय संचालन सामाग्री | ५६५००० |

| | |
|---|---|
| अनियमित भएको | ५२,९५,२८५ |

८५ **पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१क) मा रु ५ लाख रुपैंयासम्मको निर्माण कार्य, मालसमान र परामर्श सेवा सोझै खरिद गर्न सकिने व्यवस्था छ । त्यस्तै नियम ८५ अनुसार एक आर्थिक बर्षमा एकै फर्म वा व्यवसायी वा संस्थाबाट ५ लाख भन्दा बढीको सामान सोझै खरिद गर्न नहुने व्यवस्था छ । तर पालिकाले यस बर्ष पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशनमा सोझै खरिद मार्फत पालिका चालु खाताबाट रु.४५१३८९४ खर्च गरेको छ । यसरी खर्च गर्ने प्रवृत्तिमा सुधार गर्दै सिलबन्दी बोलपत्र वा दरभाउपत्रको माध्यमद्वारा प्रतिस्पर्धात्मक विधिबाट खरिद गर्नुपर्नेमा पटक-पटक एउटै फर्मलाइ एकै प्रकारको सूचना प्रकाशन गरेबापत भुक्तानी दिनुका साथै कतिपय फर्मलाइ भुक्तानी दिदा सूचना प्रकाशनको प्रमाण पेश नभइ भुक्तानी दिएको छ ।यसरी भुक्तानी दिदा छुट प्रतिशत,प्रथम पृष्ठ,भित्री पृष्ठ र अन्तिम पृष्ठ, प्रति शब्द ,रंगीन वा स्यामस्वेत र के कति सीसीमा सूचना प्रकाशन गरेको जस्ता स्पेशिफिकेशनहरुलाई ध्यान नदिइ भुक्तानी दिएकोले अनियमित भएको रु.

| | |
|---|---|
| अनियमित भएको | ४५,१३,८९४ |

८६ **गैर सरकारी संस्था मार्फत खरिद -** सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले एक लाख रुपैया भन्दा बढिको कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने, दफा ४६ मा जनचेतना सम्बन्धी तालीम, अभिमुखीकरण,सबलिकरण,मूलप्रवाहीकरण,जस्ता कार्य छिटोछरितो, प्रभावकारी र मितव्ययी हुने भएमा गैरसरकारी संस्थाबाट गराउने सक्ने व्यवस्था छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९(१) मा त्यस्तो कामको लागि लाग्ने रकमको मोटा मोटी लागत अनुमान तयार गरी नियम ९९(२) बमोजिम दर्ता भएको र नियम १८ बमोजिमको मौजुदा सूचिमा समावेश भएका गैरसरकारी संस्थालाई कम्तीमा १५ दिनको सूचना सूचना प्रकाशन गरी न्यूनतम रकम प्रस्ताव गर्ने प्रस्तावदाताको आर्थिक प्रस्ताव स्वीकृत गरी नियमावलीको नियम ९९ बमोजिम मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका संस्थाबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था छ ।

कार्यालयले बजेटलाई मात्र आधार बनाई कोटेशन माग गरी निम्नानुसार संस्थाबाट सचेतना, सीपमुलक लगायतका कार्यक्रम संचालन गरेकोमा संचालित कार्यसक्रममा यातायात भत्ता, प्रशिक्षक भत्ता, मसलन्द तथा खाजा, नास्तामा अधिकतम रकम खर्च गरेको साथै सञ्चालित कार्यक्रमहरुको प्रभावकारिता लागि अनुगमन तथा मूल्यांकन गरि सोको प्रतिवेदन समेत पेश गरेको देखिएन ।कार्यक्रम संचालन गर्ने संस्थाहरुले आफ्नो संस्थाको बिजक जारी नगरी कार्यक्रममा भएका खर्चहरुको बिल,भर्पाइ पेश गरी भुक्तानी लिएको देखियो । नमूना छनौट गरी परीक्षण गरीएका देहाय बमोजिमका सेवा खरिदमा आयकर ऐन,२०५८ बमोजिम मु.अ.करमा दर्ता नभएका सँग सेवा खरिद गर्दा १५ प्रतिशत अग्रिम आयकर कट्टी गर्नुपर्नेमा सो कट्टी नगरी भुक्तानी भएकोले असुल गर्नुपर्ने रु.

| भौ नं/मिति | गैरसरकारी संस्थाको नाम | कार्यक्रम | कार्यक्रम खर्च | कट्टी भएको | कट्टी बाँकी रु |
|---|---|---|---|---|---|
| २३३-२०७९।०७।२१ | ड्रिम अफ युथ | वैदेशिक रोजगार नियन्त्रण सम्बन्धी तालिम | ४९९७८० | ४१३६७ | ३३६०० |
| ४८६-२०७९।११।११ | महिला तथा बालवालिका जनचेतना उत्थान केन्द्र | छुवाछुत उन्मुलन सम्बन्धी तालिम | ४९५००० | ३०३३४ | ४३९१६ |
| ५०१-२०७९।११।१६ | दलित महिला समाज विकास | महिला हिंसा नियन्त्रण तालिम | ४९९००० | १८६०८ | ५६२४२ |
| ५१७-२०७९।११।२२ | लोक कल्याणकारी नेपाल धनुषा | सरुवा रोग सम्बन्धी जनचेतना मुलक अभिमुखिकरण तालिम | ४९९७५५ | ६१५२ | ६८८११ |
| ५१९-२०७९।११।२२ | लोककल्याण परियोजना विकास केन्द्र | महिला सशक्तिकरणका लागि जनचेतनामुलक तालिम | ४९८००० | ३२४७९ | ४२२२१ |

| | | | | | |
|---|---|---|---|---|---|
| ५२०-२०७९।११।२२ | उज्यालो समाज नेपाल | विभिन्न जनचेतनामूलक अभिमूखिकरण कार्यक्रम | २९७२०० | १५२४३ | २९३३७ |
| ५६३-२०७९।१२।०५ | उज्यालो नेपाल | अगरबत्ती बनाउने तालिम | ४९९०० ० | ४३६६१ | ३११८९ |
| ६०९-२०७९।१२।२० | सामाजिक जनचेतना अभियान नेपाल | दाइजो प्रथामुक्त अभियान सम्बन्धी कार्यक्रम | २५०००० | ११७३४ | २५७६६ |
| ७४९-२०८०।०२।२३ | समाज विकास संघ नेपाल | महिला हिंसा तथा लागु औषध न्यूनिकरण सम्बन्धी कार्यक्रम | १२४८०० | १५८९५ | २८२५ |
| ५०८-२०७९।११।१९ | उद्यमशिल विकास केन्द्र | सरुवा रोगसम्बन्धी जनचेतनामूलक अभिमूखिकरण तालिम | ४९७१५० | ६३८५ | ६८१८७ |
| जम्मा रु | | | | | ४०२०९४ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,०२,०९४ |

८७ **पेश्की बाँकी -** आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा तोकिएको समय भित्र पेश्की फर्छ्यौट गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले चालु आर्थिक वर्षको मसान्त सम्म म्याद नाघेको रु.४८०९३०० पेश्की आर्थिक वर्षको अन्तसम्म पनि फर्छ्यौट हुन बाँकी रहेकोले नियमानुसार फर्छ्यौट हुनुपर्ने रु.

| **भौ.नं.** | **मिति** | **कार्यक्रम** | **पेश्की लिनेको नाम** | **पेश्की रकम** |
|---|---|---|---|---|
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| 1 | 2079/09/19 | सभा संचालन खर्च | महेन्द्र मण्डल | 10,00,000।- |
| २ | 20८०/०१/२० | आमा सूरक्षा कार्यक्रम | डा. प्रमोद कुमार दास | 5,00,000।- |
| ३ | 20८०/०३/२० | आमा सूरक्षा कार्यक्रम | जानकी एकेडेमिक हस्पिटल प्रा.लि. | 5,00,000।- |
| ४ | 20८०/०३/२४ | आमासुरक्षा कार्यक्रम | दुखरण पंडित | 97,000।- |
| ५ | २०८०।०३।०३ | बहुक्षेत्रिय पोषण कार्यक्रम | ललित मण्डल | ७,०५,०००।- |
| ६ | २०७९।११।१८ | दिवा खाजा | बाल ज्ञान आधारभूत विद्यालय | २,६१,०००।- |
| ७ | २०७९।११।१८ | दिवा खाजा | दोरिक जनता आधारभूत विद्यालय | ४,६९,८००।- |
| ८ | २०७९।११।१८ | दिवा खाजा | जनता दलित हरिणमरी | १.१२,५००।- |
| ९ | २०७९।११।१८ | दिवा खाजा | रा.मा.वि. हरिहरपुर विर्ता | २,७९,०००।- |
| १० | २०७९।११।१८ | दिवा खाजा | जनता आधारभूत विद्यालय कञ्चनपुर | ३,६०,०००।- |

| | | | | |
|---|---|---|---|---|
| ११ | २०७९।११।१८ | दिवा खाजा | मा वि ०-१२ विद्यालय बसविट्टी बसन्तपुर | ५,२५,०००।- |
| जम्मा | | | | ४८०९३०० |

| | |
|---|---|
| पेश्की | ४८,०९,३०० |

## ८८ सामाजिक सुरक्षा

८८.१ **भत्ता वितरण -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २६ बमोजिम सामाजिक सुरक्षा कार्यक्रमको लागि निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा आर्थिक बर्षको अन्त्यमा रकम फिर्ता गर्नुपर्ने व्यवस्था छ । यो वर्ष सामाजिक सुरक्षा भत्ता वडा नं.१ देखि ९ सम्मको लागि विभिन्न ४ बैंक मार्फत भत्ता वितरण गर्न रु. १२९३५१२२८ निकासा भएको छ ।समाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को अनुसूची ८ मा स्थानीय तह र बैंक बिच हुने सम्झौताको दफा ६ मा पालिकाबाट प्राप्त रकम लाभग्राहीको खातामा बैंकले जम्मा गरी प्रत्येक खातामा जम्मा भएको रकम देखिने विवरणसहित बाँकी रकम भए पालिकालाई उपलब्ध गराउनुपर्ने, कुनै लाभग्राहीको लगतकट्टा भएमा लगतकट्टा भएको मिति र पाउने रकम समेतको जानकारी पालिकाले तत्काल बैंकलाई उपलब्ध गराउनुपर्ने र सोको जानकारी प्राप्त भएपछि बैंकले लगत कट्टा भएको लाभग्राहीको उक्त मिति पछि रकम पालिकामा फिर्ता पठाउने तथा बैंकले निष्क्रिय खाताको विवरण प्रत्येक श्रावण र माघ महिनाभित्र पालिकालाई दिनुपर्ने व्यवस्था छ। पालिकाबाट विभिन्न त्रैमासिकमा विभिन्न बैंकलाई रकम जम्मा गर्न पठाएको रकम मध्ये भुक्तानी नभई निष्क्रिय खातामा रहेको रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने । बैंकले लाभग्राहीको खातामा रकम जम्मा भएको विस्तृत विवरण पालिकामा पठाएको छैन । पालिकाले लाभग्राहीको खातामा रकम जम्मा गरेको विस्तृत विवरण माग गरी फिर्ता रकम एकीन गर्नुपर्दछ। लगत अद्यावधिक गरी रकम निष्क्रिय नहुने व्यवस्था गर्नुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

८८.२ **लाभग्राहीको खातामा रकम जम्मा -** समाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा २५ मा बैंकले लाभग्राहीको खातामा रकम जम्मा भएको स्पष्ट देखिने गरी लाभग्राहीको नाम, बैंक खाता नम्बर र जम्मा भएको रकम सहितको विवरण अनुसूची १३ बमोजिम त्रैमासिक रुपमा सम्बन्धित स्थानीय तहलाई विधुतीय माध्यमबाट अनिवार्य रुपमा पठाउनु पर्नेछ र यसै विवरणलाई रकम वितरण

भएको भरपाई मानिने व्यवस्था छ। पालिकाले समाजिक सुरक्षा शीर्षकबाट लाभग्राहीको खातामा रकम भुक्तानी गर्न बैंकलाई प्रत्येक वडाको विवरण सहित रु १२९३५१२२८.०० निकासा दिएकोमा बैंकबाट निम्नानुसार रु ५०६३१९ फिर्ता लिई संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु

| क्रस | बैंकको नाम | निकासा रकम | फिर्ता गर्नुपर्ने रकम |
|---|---|---|---|
| १ | सिटिजन बैंक इन्टरनेशनल लि | २२९६८४१० | ० |
| २ | ज्योति बिकास बैंक लि | ३३५७८६१७ | ३६११८ |
| ३ | मल्टीपर्पस फाईनान्स लि | ३७९८१७९८ | २५४०८३ |
| ४ | सिद्धार्थ बैंक लि | ३४८२२४०३ | २१६११८ |
| | जम्मा | १२९३५१२२८ | ५०६३१९ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,०६,३१९ |

८८.३ **पारदर्शिता र अनुगमन तथा निरीक्षण -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ बमोजिम मन्त्रालय, विभाग, प्रदेश मन्त्रालय तथा पालिकाका प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रकृयाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ । सो बमोजिम पालिकाले कसैले दोहोरो हुनेगरी र सरकारी सुविधा लिने ब्यक्तिले भत्ता लिए नलिएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन दिएको देखिएन । सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ बमोजिम स्थानीय तहले लाग्राहीको नाम, दर्ता तथा नवीकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पूरा गर्नुपर्ने प्रकृया सम्बन्धी स्थानीय सामाजिक संघसंस्था तथा गैर सरकारी संस्थाको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्ने र सो सम्बन्धी सूचना स्थानीय एफ. एम. लगायत संचार माध्यमहरुबाट प्रचार प्रसार गर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामावली स्थानीयतहले आफ्नो वेभसाईटमा राख्ने व्यवस्था रहेको छ । यसवर्ष पालिकाले सो बमोजिम कार्य गरेको देखिएन ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

८८.४ **लगत कट्टा -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ११ बमोजिम स्थानीय तहको अभिलेखबाट नाम हटाउनुपर्नेमा कुनै लाभग्राहीको मृत्यु भएमा, एकल महिलाले विवाह गरेमा, बालबालिकाको उमेर ५ वर्ष पुगेमा, बैंकबाट वितरण भएकोमा लगातार १ बर्ष सम्म खाता निष्क्रीय भएमा, सामाजिक सुरक्षा भत्ता पाउने ब्यक्ति बसाई सरी अन्यत्र गएमा र अयोग्य ब्यक्ति भत्ता प्राप्त गरेको प्रमाणित भएमा स्थानीय तहको वडा कार्यालयमा ३५ दिनभित्र घटना दर्ता गराएमा वा कुनै लाभग्राहीले घटना दर्ता नगराएको अवस्थामा स्थानीय तहका वडा अध्यक्ष, वडा सदस्य वा वडा सचिव वा कार्यरत कर्मचारीले घटना भएको जनकारी पाएमा सत्य तथ्य बुझी वडा कार्यालयबाट लगत कट्टा गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा लाभग्राहीको लगत कट्टा गरेको विवरण लेखापरीक्षणको क्रममा पेश नभएकोले वास्तविक संख्या एकिन गर्न सकिएन ।

सैद्धान्तिक बेरुजु

८८.५ **दोहोरो भत्ता -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा बमोजिम सामाजिक सुरक्षा भत्ता नपाउनु पर्ने व्यक्तिले पाएको, पाउनु पर्ने व्यक्तिले नपाएको वा अन्य अनियमितता भएको विषयमा वा ऐन, नियमावली र यस कार्यविधि बमोजिमको सुविधा प्राप्त गर्ने उदेश्यले झुट्टा विवरण पेस गरी भत्ताको लागि परिचयपत्र प्राप्त गरेको वा दोहोरो भुक्तानी लिएको पाईएमा स्थानीय तहले भत्ता रोक्का गर्न, निश्चित समय सम्मका लागि परिचयपत्र स्थगित गर्न वा रद्द गर्न र हिनामिना वा दुरुपयोग गरेको वा कानून बमोजिम भत्ता नपाउने व्यक्तिलाई भत्ता दिएको ठहरेमा स्थानीय तहको न्यायिक समितिले आवश्यक कारबाही गरी भुक्तानी भई सकेको रकम असुल उपर गर्ने र विगो बमोजिम जरिवाना गर्न सक्नेछ ।पालिकावाट देहायका व्यक्तिहरुको नागरिकता नं., बुवाको नाम, आमाको नाम समान रहेकोले सामाजिक सुरक्षा वापत दोहोरो भएको हुनसक्ने सम्भावना देखिन्छ सो पालिकाले विस्तृत अध्ययन गरी यकिन गरी सम्बन्धितवाट असुल उपर गर्नुपर्ने रु

| क्रस | भुक्तानी पाउनेको नाम | नागरिकता नं | वडा नं | भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | हरिसरुण राय | १८३०४८४७७ | १ | २६६०० |
| २ | सोनाबती देबी कुर्मी | २०८६२५९२ | ६ | २०००० |
| ३ | कोशिला देवी | १८३०४९५९८ | ९ | ४८००० |
| | | | | ९४६०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९४,६०० |

# अनुसूचीहरू

अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान : रामगोपालपुर नगरपालिका, महोत्तरी , रामगोपालपुर नगरपालिका , महोत्तरी

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | ACCHELAL DAS | २०८०-११-२३ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | Binod Kumar Mandal | २०७८-११-१५ | २०८०-६-२४ |
| लेखा प्रमुख | Narendra Kumar Yadav | २०७८-१२-१६ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १८,३३८,८९८ | १६,४१७,१७५ | ४०,४४९,५८०.१९ | ० | ० | ६,८१६,६०० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ८२,०२२,२५३.१९ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | १३,४२८,७६१ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | १२,२२७,८६३ |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ८०,८२१,३५५.१९ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | १९००२१८९ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २८७७६४६०० | **चालु खर्च** | २५५२५६८५९ |
| **प्रदेश सरकारबाट अनुदान** | ४०३६२००० | **पूँजीगत खर्च** | १७६९०९२५७ |
| **राजश्व बाँडफाँट** | ८२१६७०२० | **वित्तीय/अन्य व्यवस्था** | १४१३५९८८४ |
| **आन्तरिक आय** | ३८१९९०९६ | | |
| **अन्य आय** | १४२४५४६३४ | | |
| **कुल आय** | ५९०९४७३५० | **कुल खर्च** | ५७३५२६००० |
| **बाँकी मौज्दात** | | ३६४२३५३९ | |

संपरीक्षणबाट थप भएको बेरूजू

| **क.सं.** | **बेरुजुको विवरण** | **रकम** |
|---|---|---|
| १ | PCC For RCC (M15): सडक ढलान कार्यमा सडक विभागले बनाएको नर्मश अनुसार प्रति घनमीटरमा १०५०० को दरले भुक्तानी गर्नुपर्नेमा डोलिडारको नर्मश प्रयोग गरी सो भन्दा बढी दररेटमा भुक्तानी गर्दा यस पालिकाबाट निर्माण सम्पन्न भएमा ७६ वटा योजनाहरु १६४४ घ.मी M15 को कार्य हुँदा १३५८८ को दरमा भुक्तानी भएकोले बढी खर्च लेखेको नियमसम्मत नदेखिएको रु.५०७६६७२ | 5076672.00 |
| २ | PCC For RCC (M20): नगरपालिकाबाट प्रदेश पुँजीगत तर्फ निम्नानुसार सडकहरुको स्तरोन्नति र मर्मत कार्य गर्दा सडक विभागको नर्मश प्रयोग गरी प्रति घनमीटर ११८०० को दरमा भुक्तानी गर्नुपर्नेमा निम्नानुसार बढी दर कायम गरी भुक्तानी भएकोले अनियमित देखिएको रु.<br><br>योजना \| परिमाण \| भुक्तानी दर \| बढी रकम | 1071121.00 |

<table>
<tr><th>क्र.सं.</th><th>बेरुजुको विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>हिराबाबा कुटी देखि पश्चिम खेल मैदान जाने सडक स्तरोन्नति कार्य</td><td>२५३.२२ घ.मी</td><td>१६०३०</td><td>१०७११२१</td></tr>
<tr><td>जीपपूर बजारदेखि लक्ष्मीपुर जानेबाटो स्तरोन्नति</td><td>२५१.१६</td><td>१६०३०</td><td>१०६२४०७</td></tr>
<tr><td>पेट्रोल पम्पदेखि विश्वम्मपुर जाने सडक स्तरोन्नति</td><td>१३२.८</td><td>१६०३०</td><td>५६१७४४</td></tr>
<tr><td>सुस्ज सम्सी जनकपुर सडक खण्ड दक्षिण गागेन्द्र महत्तो फुलबारी जाने सडकको स्तरोन्नति</td><td>९३.८७</td><td>१६०३०</td><td>३९७०७०</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>३०९२३४२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३</td><td>नगरपालिकाले टावरलाइट मर्मतको लागि भौ.नं १०६-२०७९।१२।०८ मा १८ लाख ३१ हजार ९७८ खर्च लेखेको छ ।मर्मत भएका टावरलाई आर्थिक वर्ष २०७७।७८ र २०७८।०७९ मा निर्माण जडान भएको पाइयो । टावरलाइट जडान र बत्तीको गुणस्तरमा न्यूनतम ५ वर्ष वारेण्टी पिरियड रहने, गुणस्तर र स्पेशिफिकेशन एकिन गरेर खरिद गर्ने व्यवस्था रहेकोमा उक्त प्रक्रियाहरु पुरा नगरी खरिद कार्यमा संलग्न पक्षलाई मर्मत संभारको दायित्व पुरा नगरी सोझै पुनः मर्मत संभारबाट खर्च लेखेकोले अनियमित देखिएको रु.</td><td>1831978.00</td></tr>
<tr><td>४</td><td>खानेपानी पहुँच भन्दा बाहिरको घरपरिवारमा खानेपानी सुविधा उपलब्ध गराउन चापाकल वितरण र जडान कार्यमा बोरिङ्ग गर्दा महोत्तरी जिल्ला दररेटमा उल्लेख नभएको र धनुषा जिल्लाको दररेटले खानेपानी चापाकल गाडेको ६० मिटर भित्र प्रति रनिङ्ग मिटर १६२.५० दर कायम गरेकोमा यस नगरपालिका अन्तर्गतका निम्न योजनामा ६० मिटर भित्रको वोरिङ्गमा सो भन्दा बढी दरमा मूल्यांकन गरी बढि व्ययभार हुने गरी भुक्तानी गरेको हुँदा अनियमित देखिएको रु.
<table>
<tr><th>भौ.नं र मिति</th><th>६० मीटर भित्रको भुक्तानी दर</th><th>६० मीटर भित्रको परिमाण</th><th>भुक्तानी भएको</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>८२-२०७९।१०।२१</td><td>१६२.२४</td><td>७०७.३१ मी</td><td>३४२३१०</td><td>२१२६३८</td></tr>
</table>
</td><td>1293031.00</td></tr>
</table>

<table>
<tr><th>क्र.सं.</th><th>बेरुजुको विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>२११-<br>२०८०।०२।३०</td><td>१६२.२४</td><td>१५४ मी</td><td>३२११८९</td><td>२९६२०४</td></tr>
<tr><td>१९०-<br>२०८०।०२।३०</td><td>१६२.२४</td><td>२८७.२४ मी</td><td>१३६०२७</td><td>४६६०२</td></tr>
<tr><td>२०८-<br>२०८०।०२।१८</td><td>१६२.२४</td><td>४७९ रनिङ्ग मी</td><td>३६२६४५</td><td>७७७१२</td></tr>
<tr><td>२१०-<br>२०८०।०२।१८</td><td>१६२.२४</td><td>५३० र.मी</td><td>२२०८४३</td><td>१३४८५५</td></tr>
<tr><td>१९४-<br>२०८०।०२।०८</td><td>१६२.२४</td><td>३८२९ मी</td><td>११४६३९९</td><td>५२५०२०</td></tr>
<tr><td colspan="4"></td><td>१२९३०३१</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५</td><td>नगरपालिकाबाट प्रदेश पुँजीगत तर्फ निम्नानुसार सडकहरुको स्तरोन्नति र मर्मत कार्य गर्दा सडक विभागको नर्मश प्रयोग गरी प्रति घनमीटर ११८०० को दरमा भुक्तानी गर्नुपर्नेमा निम्नानुसार बढी दर कायम गरी भुक्तानी भएकोले नियम सम्मत नदेखिएको े रु.</td><td>1062407.00</td></tr>
<tr><td>६</td><td>नगरपालिकाबाट प्रदेश पुँजीगत तर्फ निम्नानुसार सडकहरुको स्तरोन्नति र मर्मत कार्य गर्दा सडक विभागको नर्मश प्रयोग गरी प्रति घनमीटर ११८०० को दरमा भुक्तानी गर्नुपर्नेमा हाल प्नचलनमा नरहेको डोलिडारको नर्मश प्रयोग गरी बढी दरमा भुक्तानी दिएको देखिएकोले नियमसम्मत नदेखिएको रु</td><td>397070.00</td></tr>
<tr><td>७</td><td>नगरपालिकाबाट प्रदेश पुँजीगत तर्फ निम्नानुसार सडकहरुको स्तरोन्नति र मर्मत कार्य गर्दा सडक विभागको नर्मश प्रयोग गरी प्रति घनमीटर ११८०० को दरमा भुक्तानी गर्नुपर्नेमा हाल प्नचलनमा नरहेको डोलिडारको नर्मश प्रयोग गरी बढी दरमा भुक्तानी दिएको देखिएकोले नियमसम्मत नदेखिएको रु</td><td>561744.00</td></tr>
<tr><td>८</td><td>नगरपालिकाले योजनाहरुको गाह्रो लगाउने कार्यमा प्रति घनमीटर ५३० इट्टा प्रयोग गरेको छ ।यसैगरी सोलिङ्गमा प्रति वर्गमीटर ४२ इट्टा प्रयोग गरेको छ । भवन तथा शहरी विकास विभागको नर्मशले प्राविधिकले इट्टाको साइजको आधारमा प्रयोग हुने परिमाण एकिन गर्न सकिने व्यवस्था गरेको छ । जस अनुसार तराई इट्टामा गाह्रोमा ४७५ र सोलिङ्गमा ३६ प्रयोग गर्नुपर्ने देखियो ।यस नगरपालिकाले गाह्रोमा</td><td>933840.00</td></tr>
</table>

| क्र.सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|
| | ५३० इट्टा प्रति गाह्रोमा प्रयोग गरेपनि ५५ इट्टा अझै बढी प्रयोग गरेको देखिन आयो । यसैगरी सोलीङ्ग ४२ संख्या नै प्रयोग गरेको पाइयो । यसरी निम्नानुसार इट्टामा बढी प्रयोग भएको नियमित गर्नुपर्ने रु. | |

• प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन (PAR) र अन्तिम लेखापरीक्षण प्रतिवेदन (FAR) मा जारी भएको दफाको क्रम संख्या हेरफेर हुन सक्नेछ ।